# अध्याय : एक

## परिचय

### अध्ययनको पृष्ठभूमि

सामान्यतया शिक्षण भन्नाले अध्यापन गर्नु हो । शिक्षण सिकाइमा पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक विद्यार्थी तथा कक्षाकोठाको आवश्यकता पर्दछ । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य प्राप्तिका लागि कक्षाकोठाको भित्र वा बाहिर शिक्षकद्वारा विद्यार्थीहरूलाई अध्ययन गराउने कार्यलाई शिक्षण भनिन्छ । नेपाली भाषा शिक्षणको औपचारिक थालनी वि.सं. २०५८ सालमा खोलिएको भाषा पाठशालाबाट भएको पाइन्छ । नेपाली भाषाले शिक्षा, सञ्चार, प्रकाशन, प्रशासन र सरकारी कामकाजका अतिरिक्त राष्ट्रिय भाषा, सम्पर्क भाषा र माध्यम भाषाको रूपमा देशभित्र महत्वपूर्ण स्थान कायम गरेको छ । अतः विद्यालय तहमा यस भाषालाई अनिवार्य विषयको रूपमा अध्यापन गरिँदै आएको छ ।

बोधगम्यता भन्नाले कुनै लिखित वा मौखिक अभिव्यक्ति पढेर वा सुनेर त्यसको मूल आशयलाई बुझ्ने स्थिति हो । पाठ्यपुस्तकको बोधगम्यता लिखित सामग्रीको बुझाइसँग सम्बन्धित हुने हुँदा यसका लागि पाठ नै सम्पूर्ण कुरा हुन आउँछ । पाठ्यपुस्तकमा भएका विभिन्न विधाहरूमा समावेश विषयवस्तुका माध्यमबाट भाषाका सिपको अभ्यास गर्ने गराउने कार्य हुन्छ । त्यसै पाठसँग सम्बन्धित भएर अभिव्यक्तिका सार ठम्याउने, त्यसलाई उपयुक्त तरिकाले सिक्ने सिपको अभिवृद्धि गर्ने हुनाले पाठ्यपुस्तकको बोधगम्यताका आधारमा अध्ययन गर्नु ज्यादै महत्वपूर्ण देखिन्छ ।

अनुसन्धान भन्नाले वैज्ञानिक अन्वेषणकला हो । यसमा यथातथ्यहरूको प्रमाणीकरण गरिएको हुन्छ । विश्वविद्यालयको स्थापना कालदेखि नै शिक्षण प्रशिक्षणको कार्य निरन्तर रूपमा हुँदै आइरहेको पाइन्छ । यस प्रकारका अध्ययन अनुसन्धानबाट शैक्षिक कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन मद्दत मिल्छ । भाषा शिक्षणलाई प्रभावकारी बनाउन पनि भाषा शिक्षणका क्षेत्रमा अध्ययन हुनु जरुरी हुन्छ । आफ्नो रुचि अनुसार बोधगम्यता सम्बन्धी क्षेत्र निश्चित गरेपछि शोध निर्देशक र गुरुवर्गको सल्लाह बमोजिम बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन शीर्षक चयन गरिएको छ ।

यस अनुसन्धानको प्रमुख उद्देश्य भन्नाले बोधगम्यताका आधारंमा कक्षा आठको कथा विधाको अध्ययन अनुसन्धान गर्नु रहेको छ । पाठ्यक्रम जतिसुकै राम्रो भए तापनि पाठ्यपुस्तक विद्यार्थीको

स्तर अनुकुल नभएमा पाठ्यक्रमको उद्देश्य हासिल हुन सक्दैन । त्यसैले राम्रो अध्ययनपछि मात्र पाठ्यपुस्तक प्रयोगमा ल्याउनु उपयुक्त हुन्छ । अतः राम्रो पाठ्यपुस्तकको पहिलो र अनिवार्य गुण बोधगम्यता भएकाले यसको अध्ययन अनुसन्धान हुनु जरुरी हुन्छ । बोधगम्यताको अभिप्राय बुझ्न सक्ने क्षमता हो । यस अध्ययनले भाषाका क्षेत्रमा केही नयाँ कुरा दिन सकियोस् साथै प्राज्ञिक, शैक्षिक क्षेत्रमा सम्बन्धित समस्याहरू समाधान गर्न मद्दत पुगोस् भन्ने चाहना अनुसार प्रस्तुत शीर्षक चयन गरिएको छ ।

स्नातकोत्तर तहको उपाधि हासिल गर्ने, आफ्नो अनुसन्धानात्मक क्षमताको मूल्याङ्कन गर्ने, बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथा विधाको सान्दर्भिकता अध्ययन गर्ने प्राज्ञिक शैक्षिक अनुसन्धानात्मक समस्याहरू समाधान गर्ने आदि जस्ता विभिन्न पृष्ठभूमिगत आधारहरूमा टेकेर प्रस्तुत अनुसन्धान तयार पारिएको छ ।

## समस्या कथन

अनुसन्धानका निमित्त छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तु नै अनुसन्धानको समस्या हो । अनुसन्धान शीर्षकले सङ्केत गरेको समस्याका सेरोफेरोमा रहेर समाधानका उपायहरूको सङ्केत सहित उक्त समस्यालाई घोषणात्मक वा प्रश्नात्मक रूपमा प्रस्तुत गर्नुलाई समस्या कथन भनिन्छ ।

समस्या कथन अध्ययन अनुसन्धानको विशिष्ट कार्य हो । बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा समावेश कथाको अध्ययन के कसरी गर्न सकिन्छ ? पाठ्यपुस्तकमा भएका कथाको बोधगम्यता अवस्था कस्तो छ ? भन्ने प्राज्ञिक समस्या नै शोध कार्यको मूल समस्या रहेको छ ।

यसका साथै बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाहरू के कति बुझिने गरी तयार पारिएको छ ? सोको समेत विश्लेषण यस अनुसन्धानमा गरिएको छ । यस क्रममा प्रस्तावित शोधको लागि निम्न लिखित अनुसन्धेय समस्याहरूको विश्लेषण गरी मूल शोधको समस्या समाधान गरिएको छ :

क) कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाहरू कतिका बोधगम्य छन् ?

ख) सम्बन्धित कथाहरूको सरल र जटिल क्रम के कस्तो छ ?

ग) कक्षा आठका विद्यार्थीहरूको उमेर रुचि क्षमता अनुसार कथाको अनुकुलता के कस्तो छ ?

घ) लिङ्ग र भाषिक पृष्ठभूमिको आधारमा सो पुस्तकमा प्रयुक्त कथाहरूको बोधगम्यता कस्तो छ ?

ङ) निजी र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बोधगम्यताका स्थिति कस्तो छ ?

## अध्ययनको उद्देश्य

निम्न लिखित उद्देश्यहरूमा केन्द्रित भएर प्रस्तुत अध्ययन पारिएको छ :

क) बोगम्यताको आधारमा कक्षा आठको नेपाली विषयका कथा विधाको अध्ययन गर्नु,

ख) भाषिक पृष्ठभूमि, लिङ्गका आधारमा बोधगम्यताको स्थिति पहिचान गर्नु,

ग) सम्बन्धित कथाहरूको सरल र जटिल क्रम पहिल्याउनु,

## अध्ययनको औचित्य महत्व

विद्यालयमा पठन पाठन हुने पाठ्यपुस्तक विद्यार्थीको स्तर क्षमता रुचि अनुकुल हुनुपर्दछ । नेपालको परिवेशमा सम्पूर्ण पक्षलाई ख्याल गरिएको पाइँदैन । विद्यार्थीहरूको रुचि, क्षमता, स्तर र आवश्यकता अनुकुल नभएका पाठ्यपुस्तक त्यसमा समावेस पाठ्यवस्तु बोधगम्य हुन सक्दैन । पाठ्यपुस्तकमा पाठको रखाइ क्रम, छपाइ विषयवस्तुको जटिलता, आवृत्ति, भाषिक प्रयोगगत आधार, वर्णविन्यासगत त्रुटि पाठको सरल र जटिल क्रम आदि नमिल्दा पाठ्यपुस्तक बोधगम्य नहुन सक्छन् । अतः हरेक पाठ्पुस्तक प्रयोगमा ल्याउनु अगावै त्यसमा समावेश भएका विषयवस्तु विधाको बोधगम्यताका आधारमा अध्ययन गर्नु आवश्यक देखिन्छ । पाठ्यपुस्तकको निर्माण कार्यमा बोधगम्ताको ख्याल नगर्दा विद्यार्थीहरूको भविष्यमा प्रश्न चिन्ह उठ्न सक्ने हुन सक्छ । त्यसैले पाठ्यपुस्तकमा र त्यसमा समावेश भएका पाठ्यवस्तु, विधाहरूको बोधगम्यताका आधारमा अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ ।

जबसम्म विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा भएका विषयवस्तुको बोध हुँदैन तबसम्म उसको व्यवहारमा परिवर्तन आउन सक्तैन र सिकाइ शुन्य हुने अवस्था आउन सक्छ । यसरी पाठ्यपुस्तक बोधगम्य नभए पाठ्यपुस्तक पाठ्यक्रम दुवै निरर्थक बन्न पुग्छन् । भाषा पाठ्यपुस्तकको छनोट गर्दा सो पाठ्यपुस्तकले के कस्तो सिपको विकास गर्ने हो त्यसै सिपको विकासमा सहयोग हुने खालको विधाको छनोट गर्नुपर्छ । कुनै पनि स्तरको पाठ्यवस्तु छनोट गरिँदा मूलत त्यस स्तर वा

तहको विद्यार्थीहरूले बुझ्न सक्ने जीवन दर्शन समाजको आर्थिक, सामाजिक, धार्मिक, नैतिक, राजनैतिक अवस्था वा स्थिति जस्ता आवश्यक तत्वहरूलाई विद्यार्थीको क्षमता, स्तर, रुचि र आवश्यकतालाई पछ्याएर पाठ्यपुस्तक तयार गर्नुपर्दछ । भाषा निरन्तर, क्रमबद्ध र अभ्यासका आधारमा सिकिन्छ । तसर्थ माथिल्लो र तल्लो तहको पाठ्यवस्तु सम्बन्धित गराउनु पर्दछ । यसरी तयार पारिएको भाषा पाठ्यपुस्तक बोधगम्यताका दृष्टिले उपयुक्त ठानिन्छ ।

नेपाल बहुजाति, बहुभाषी तथा बहुसंस्कृति मुलुक भएकाले यहाँ भाषिक पृष्ठभूमिको ख्याल गर्दै शैक्षणिक विषय तथा विधाहरूको छनोटमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । शैक्षिक क्षेत्रमा सफलता हासिल गर्न विद्यार्थीले तोकेको ज्ञान, सिप र व्यवहार प्राप्त भयो भने मात्र शैक्षिक उत्पादन राम्रो मानिन्छ । त्यसैले बोधगम्यताको अध्ययन गर्नु आवश्यक मानिन्छ । शब्दभण्डार, शैली, वर्णविन्यास विषयवस्तु भाषिक स्थिति आदि कुराले बोधगम्यतामा असर पारिराखेको हुन्छ । बोधगम्यता कुनै भाषिक व्यवस्था अन्तर्गत अभिव्यक्त विचारलाई ग्रहण गर्ने महत्वपूर्ण माध्यम हो । बिना बोधगम्यता भाषा प्रयोजन शून्य हुन्छ । बोधगम्यता शब्द र वाक्यको अर्थ बुझ्न मात्र सीमित नरही बोद्धाको बौद्धिक उपजसम्म रहेको हुन्छ । त्यसैले यसको अध्ययन र अनुसन्धानको क्षेत्रमा गरिमामय स्थान रहेको देखिन्छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितियवर्षको ने.भा.शि. ५९८ पाठ्यांशको प्रयोजनका निमित्त यो अनुसन्धान तयार गर्न लागिएको हो । भाषा शिक्षणमा यस्ता अध्ययन हुँदा भाषालाई स्तरीय प्रभावकारी बनाउनुका साथै भाषामा भएका वा देखापरेका समस्याको समाधानमा मद्दत पुग्छ । भाषा शिक्षणका क्रममा प्रयोग भएका पाठ्य सामग्रीलाई व्यवस्थित, वैज्ञानिक र समसामयिक बनाउन बोधगम्यताको आधारमा अध्ययन विश्लेषण गर्नु उपयोगी देखिन्छ ।

बोधम्यताको सम्बन्ध विद्यार्थीको बुझाइसँग रहेकोले यस अनुसन्धानबाट पाठ्यक्रम निर्माण पाठ्यपुस्तक निर्माणमा सहायक हुनुका साथै शिक्षक विद्यार्थी तथा शिक्षासँग सम्बन्धित सम्पूर्ण पक्षलाई सहयोग मिल्छ । यस्ता अनुसन्धानबाट अनुसन्धानकर्ता लगायत भाषासँग सम्बन्धित पक्षलाई नयाँ नयाँ खोज गरेर विभिन्न तथ्य पत्ता लगाउन मद्दत मिल्ने देखिन्छ । प्रस्तावित अध्ययन बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबको कथा विधाको अध्ययन गरिने हुनाले भाषा शिक्षणमा विद्यार्थीको बौद्धिक क्षमताको क्षेत्रमा यसले अहम भूमिका राख्ने देखिन्छ । विद्यार्थीको जीवनमा बोधगम्यताले अभिधात्मक, व्याख्यात्मक, समीक्षात्मक र सृजनात्मक क्षमताको समेत विकास गराउँछ । बोधले सिकारुको बौद्धिक सामर्थ्य बढाइ पाठको गहिराइ बुझ्न मद्दत गर्दछ । कुनै अभिव्यक्तिको सारभूत कुरा ठम्याउने र त्यसलाई उपयुक्त तरिकाले झिक्न सक्ने

सिपको अभिवृद्धि गर्ने हुनाले विशिष्ट बोध शिक्षणको सन्दर्भमा महत्वपूर्ण हुन्छ । त्यसैले बोधगम्यताका आधारमा अध्ययन विश्लेषण हुनु उपयोगी मानिन्छ ।

## अध्ययनको सीमा

क) प्रस्तुत अध्ययन झापा जिल्लाको छवटा विद्यालयका दशजना विद्यार्थीका दरले ६० जना विद्यार्थीहरूमा बोध प्रश्नको परीक्षणबाट प्राप्त नतिजाको उपलब्धि प्रतिशत, मध्यमान, मानक विचलन, Z मान र प्रतिशत निकालेर सो का आधारमा सम्पूर्ण तथ्याङ्क विश्लेषणमा सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययन बोधगम्यताको निम्न लिखित आधारमा सीमित रहेको छ :

१) भाषिक पृष्ठभूमिको आधारमा

२) लिङ्गको आधारमा

३) सरल र जटिल क्रम

ग) प्रस्तुत अध्ययन बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययनमा मात्र सीमित रहेको छ ।

## अध्ययनको रूपरेखा

अध्याय-एक : परिचय

अध्याय-दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक आधार

अध्याय-तीन : अनुसन्धान विधि

अध्याय-चार : व्याख्या तथा विश्लेषण

अध्याय-पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भग्रन्थसूची

परिशिष्ट

व्यक्तिवृत्त

## अध्याय : दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक आधार

### पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भन्नाले विगतमा त्यस विषयमा भइसकेको अध्ययनलाई पुनरावलोकन गर्नु अर्थात् सम्बन्धित क्षेत्रका अन्य सामग्रीहरूको अध्ययन गर्नु हो । तसर्थ पूर्वकार्यको अध्ययन नगरी गरिएको अध्ययन स्तरहीन र अर्थविहीन हुन जान्छ । पूर्वकार्यको पूर्ण अध्ययन गर्नुको मुख्य कारण विगतमा गरिएको अध्ययनबाट सम्बन्धित क्षेत्रमा गरिएको अनुसन्धान कार्यलाई सहयोग मिल्दछ । प्रस्तावित शोधपत्र बोधगम्यताका आधारमा कथा विधाको विश्लेषणमा केन्द्रित भएकाले यहाँ यससँग सम्बन्धित क्षेत्रमा अघि भएका अध्ययन कार्यहरूलाई नमुनाको रूपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

रस्तोगीले जुन १९८७ मा *नेपाली पाठ्यपुस्तकको मूल्याङ्कन* गरेको पाइन्छ । यो अध्ययन नै नेपालमा गरिएको पहिलो अध्ययन मान्न सकिन्छ । यो अध्ययन खास गरेर सामाजिक, वैज्ञानिक, भाषिक, मनोवैज्ञानिक र शारीरिक पक्षको अध्ययनको लागि थियो । (शर्मा १९९५:३२) उपयुक्त अध्ययन उनीद्वारा तयार पारिएको विश्लेषणात्मक कुनै सहायताले सङ्कलित तथ्याङ्कमा आधारित थियो । उनले कक्षा एकको नेपाली पाठ्यपुस्तकमा छुट्टै विश्लेषण गरे तर त्यो व्यक्तिगत व्याख्या विश्लेषण भएकाले उनको निष्कर्ष सीमित र अपूर्ण नै मानिन्छ ।

त्रि.वि.शिक्षा विकाश तथा अनुसन्धान केन्द्रले वि.सं. २०४४ सालमा *भाषा शिक्षण र भाषा पाठ्यपुस्तकको विश्लेषण* गरेको पाइन्छ । शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्व नामक एक अनुसन्धानात्मक पुस्तकमा नेपाली भाषाका प्राथमिक तहदेखि माध्यमिक तहसम्म पाठ्यपुस्तकमा भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । उक्त अध्ययनले तहगत बोधगम्यताको लागि पाठ्यपुस्तकमा समावेश पाठ्यांशहरूको केही हदसम्म विश्लेषण गरेको पाइन्छ ।

शर्मा (वि.सं. २०५२) द्वारा आफ्नो पि.एच्. डी. अध्ययनको प्रयोजनार्थ *प्राथमिक तहको नेपाली भाषा विषयका सरकारी पाठ्यपुस्तकको व्यापक अध्ययन* गरिएको पाइन्छ । उनको अध्ययनको निष्कर्षमा प्राथमिक तहको पाठ्यपुस्तकको बोधगम्यतामा लिङ्गगत र स्थानीयताको दृष्टिले फरक नपाइएको तर मातृभाषा नेपाली भएको र नभएको विद्यार्थीहरूका लागि भने ती पाठ्पुस्तकको बोधगम्यता फरक पाइएको कुरा उल्लेख गरेको पाइन्छ । जस्तैः पाहड र उपत्यकाका

विद्यार्थीहरूभन्दा तराईका विद्यार्थीहरूमा नेपाली भाषाको बोधगम्यता क्षमता केही कम रहेको कुरा उल्लेखमा पाइन्छ ।

घिमिरे (वि.सं २०५६) द्वारा *हाम्रो किताब कक्षा आठको बोधगम्यताको अध्ययन* नामक शोधपत्र तयार गरिएको छ, उक्त अध्ययनको निष्कर्षमा भाषिक पृष्ठभूमिको आधारमा पहिलो भाषी विद्यार्थीलाई भन्दा दोस्रो भाषी विद्यार्थीका लागि उक्त पाठ्यपुस्तक बोधगम्यताका दृष्टिमा कमजोर देखिन्छ । लिङ्गका विद्यार्थीहरूमा बोध क्षमता कम पाइन्छ । उक्त अध्ययनको निचोडमा हरेक शिक्षण भाषिक वातावरण, नमुना छनोट आदि जस्ता कारणले फरक परे तापनि प्रस्तुत पाठ्यपुस्तक कक्षा आठका लागि समान बोधगम्य छैन भन्न सकिन्न भन्ने उल्लेख गरिएको पाइन्छ ।

पुरी (वि.सं.२०६०) द्वारा *हाम्रो नेपाली किताब कक्षा छको बोधगम्यताको अध्ययन* नामक शोधपत्र तयार पारेको पाइन्छ । उक्त अध्ययनको निष्कर्षमा स्थानीयता (गाउँ र शहर)का आधारमा शहरका भन्दा गाउँका विद्यालयका विद्यार्थीहरूको लागि उक्त पाठ्यपुस्तक बोधगम्यताका दृष्टिमा कमजोर देखिएको छ । लिङ्गको आधारमा छात्रहरूको तुलनामा उक्त पाठ्यपुस्तक थोरै नै भए पनि बढीले बुझ्ने गरेको देखिन्छ । भाषिक पृष्ठभूमिको आधारमा पहिलो भाषी विद्यार्थीलाई भन्दा दोस्रो भाषी विद्यार्थीका लागि पाठ्यपुस्तक बोधगम्यताको आधारमा कमजोर देखिन्छ ।

उपाध्याय (वि.सं.२०६०) द्वारा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । उक्त शोधकार्यमा पनि कक्षा नौमा अध्ययनरत विद्यार्थीका पठनबोध क्षमता पहिल्याउनु भाषिक पृष्ठभूमि लैङ्गिकता क्षेत्रीयता र स्थानीयताका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव पेश गर्नु जस्ता प्रमुख उद्देश्यहरूमा केन्द्रित रहेको पाइन्छ ।

गिरी (वि.सं.२०६५) द्वारा *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको देखिन्छ । यस अध्ययनमा समस्याका रूपमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ? स्थानीयता भाषिक पृष्ठभूमि लैङ्गिकता विद्यालयको प्रकृति जातीयताको आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ? जस्ता कुराहरू समस्याका रूपमा लिइएको छ । यस अध्ययनले कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्यानु जातीयता, स्थानीयता, लैङिगकता, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृतिको आधारमा पठनबोध क्षमताको पहिचान गर्नु र पठनबोध अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखेर शोधकार्य तयार पारिएको छ ।

थापा (२०६५) द्वारा *म्याग्दी जिल्लाका कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरेको पाइन्छ । यस अध्ययनमा कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ? स्थानीयता, लैङ्गिकता र विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता के-कस्तो छ ? जस्ता समस्याहरूलाई समस्या कथनको रूपमा छनोट गरिएको छ । यस अध्ययनमा पठनबोध क्षमतालाई प्रतिशतमा गणना गर्दा तथा मध्यमानलाई आधार मानी हेर्दा समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा अदृष्टांश पठनबोधको तुलनामा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको स्थानीयताका आधारमा विश्लेषण गर्दा ग्रामीण भेगका विद्यार्थीका तुलनामा नगरतर्फका विद्यार्थीको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । त्यसैगरी पठनबोध क्षमता भाषिक सिप विकासका लागि अपरिहार्य पक्ष भएकाले कक्षा शिक्षणका क्रममा पठनबोधसम्बन्धी क्रियाकलापहरू समावेश गर्नुपर्ने, पठनबोधसम्बन्धी अभ्यास गराउँदा पाठ्यपुस्तकमा मात्र सीमित नरही स्तर सुहाउँदा र उपयुक्त विषयवस्तुबाट पनि अभ्यास गराउनुपर्ने लगायतका सुझावहरू पेश गरेको पाइन्छ ।

ढकाल (२०६६) द्वारा *कक्षा तीनका विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य सम्मान गरेको पाइन्छ । यस अध्ययनका कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्दा लिङ्गको आधारमा, भाषिक पृष्ठभूमिको आधार र स्थानीयताको आधारलाई समेटेर समग्र पठनबोध क्षमताको निष्कर्ष निकालिएको पाइन्छ । यस अध्ययनमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशतमा गणना गर्दा विद्यार्थीहरूको १०० प्रतिशत विद्यार्थीहरूको ५० प्रतिशतभन्दा माथि पठनबोध क्षमता भएकाले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको, अदृपढांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशतका आधारमा गणना गर्दा ८० प्रतिशत भन्दा माथि पठनबोध क्षमतामा विद्यार्थीहरूको प्रतिशत २५ रहेकोले पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । त्यसैगरी पठनबोध क्षमता भाषिक क्षमता विकासका लागि अनिवार्य पक्ष भएको हुनाले कक्षा शिक्षणमा पठनबोधसम्बन्धी क्रियाकलाप समावेश गर्नुपर्ने विद्यार्थीको बौद्धिक स्तर र रुचि क्षेत्रको पहिचान गर्नुपर्ने लगायतका सुझावहरू पेश गरिएको पाइन्छ ।

निरौला (२०६८) द्वारा *झापाका कक्षा आठमा अध्ययनरत मेचे जातिका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा त्रि.वि. शिक्षा स्नातकोत्तर तहको शोध अध्ययन गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, लैङ्गिकता र क्षेत्रीयताका आधारमा पठनबोध क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउने उद्देश्य राखिएको छ । स्थलगत अध्ययन विधिको उपयोग गरेर सामग्री सङ्कलन गरिएको छ । उक्त क्षेत्र अन्तर्गत ग्रामीण भेगमा सञ्चालित

चारवटा सामुदायिक र दुईवटा निजी विद्यालय गरी जम्मा छवटा विद्यालयबाट नमुना छनोट गरी शोध अध्ययन गरिएको छ । पाँच अध्यायमा संरचित उक्त शोधपत्रको निष्कर्षमा विद्यार्थीहरूको अदृष्यांश पठनबोध क्षमता कमजोर तथा दृष्टांश पठनबोध क्षमता सामान्य रहेको उल्लेख गरिएको छ । लैङ्गिक दृष्टिले गर्दा छात्राहरूको पठनबोध क्षमता उत्कृष्ट रहेको देखाइएको छ भने मातृभाषाका दृष्टिले हेर्दा मातृभाषी विद्यार्थीको पठनबोध क्षमता मध्यम रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सापकोटा (वि.सं.२०६९) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । सिन्धुपाल्चोक जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षेत्रीय लैङ्गिक परिवेशको तुलानात्मक अध्ययन गर्ने उद्देश्य राखी उक्त शोध कार्य गरिएको छ । स्लगत सर्वेक्षण विधि अपनाइ गरिएको उक्त शोधकार्यमा समग्र पठनबोध ६३ प्रतिशत भएकोले मध्यमस्तर रहेको सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू पठनबोध क्षमता ४२.२ प्रतिशत रहनुले कमजोर रहेको, विमातृभाषी भन्दा मातृभाषी विद्यार्थीहरू पठनबोध क्षमता ज्यादा रहेको, अदृष्ट्यांश भन्दा दृष्ट्यांश पठनबोध ३० प्रतिशतले उच्च रहेको निष्कर्ष निकालिएको छ ।

राजवंशी (वि.सं. २०७२) द्वारा *बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन* नामक शोधपत्र तयार पारेको पाइन्छ । उक्त अध्ययनको उद्देश्य बोधगम्यताका आधारमा कक्षा नौको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन गर्नु, कथाहरूको सरल र जटिल काम निर्धारण गर्नु, निजी र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बोधगम्यताको तुलना गर्नु रहेको छ । उक्त अध्ययनको निष्कर्षमा विद्यालयको प्रकृतिका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको बोधगम्यता क्षमता उच्च पाइन्छ भने भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषीभन्दा दोस्रो भाषी विद्यार्थीहरूको बोधगम्यता क्षमता कमजोर रहेको पाइन्छ । लिङ्गका आधारमा छात्रको भन्दा छात्राको बोधगम्यता क्षमता केही मात्रामा बढी देखिन्छ ।

उक्त पूर्वकार्यहरूको अध्ययन गर्दा विद्यार्थीहरूको बोधगम्यता क्षमतामा लिङ्ग, भाषिक पृष्ठभूमि, स्थानीयता विधाहरूको रखाइ क्रम (सरल जटिल) आदि विभिन्न कारणले असर पारेको पाइन्छ । त्यस्तै शिक्षकहरूको लापरवाही पाठ्यपुस्तक बाहेक अन्य शिक्षण सामग्री न्यून प्रयोग, कक्षा अन्तरक्रियाको कमी, अभ्यासमा जोड नदिएको, अभिभावकहरू शिक्षणप्रति उदासिन रहनु, कक्षा मूल्याङ्कनको अभाव जस्ता विभिन्न कारणले विद्यार्थीहरूको बोधगम्यता क्षमता कमजोर भएको निष्कर्ष निकाल्न सकिन्छ । बोधगम्यताका दृष्टिले पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाको कठिनाइ स्तरलाई विद्यार्थीहरूको बौद्धिक क्षमता अनुकुल बनाउनु पर्ने, सबै तहका पाठ्क्रम र पाठ्यपुस्तक

सोही तहका विद्यार्थीहरूको क्षमता र रुचि अनुसार हुनुपर्ने सामुदायिक विद्यालयमा विद्यार्थीको चाहनालाई ख्याल गर्दै सेक्सन छुट्याएर पठनपाठन गर्नुपर्ने, भाषा पाठ्यपुस्तकमा विषयवस्तु चयन गर्दा क्षेत्र, लिङ्ग, भाषा, स्थानीयता, उमेर, कक्षा, तह आदि पक्षलाई ख्याल गर्दै विषयवस्तु छनोट गर्नुपर्ने जस्ता सुझाव दिएको छ ।

यस पूर्वाध्ययनबाट कक्षा आठको कथा विधाको बोधगम्यता क्षमता के कस्तो छ ? र त्यसको उपयुक्तता कस्तो छ ? पहिल्याउने काम बाँकी रहेको हुँदा प्रस्तुत अध्ययन गर्न आवश्यक ठानिएको छ ।

## अनुसन्धानमा पूर्वकार्यको उपयोगिता

सामान्यतया सम्बन्धित पूर्वकार्यको समीक्षाले समस्यालाई स्पष्ट रूपमा परिभाषित गर्न, अनुसन्धानका औचित्य प्रस्ट पार्न, उपयुक्त अनुसन्धान विधि छनोट गर्न तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियाको बारेमा निर्णय गर्न ठोस आधार प्रदान गर्दछ । त्यस्तै यसका माध्यमबाट हालसम्म हुन नसकेका अनुसन्धानका समस्याहरू पहिल्याउन दुई वा दुईभन्दा बढी अनुसन्धानका बीचमा देखिएका मत भिन्नताहरू पत्ता लगाउन, खोज भइसकेका कुराहरूको बारेमा पनि प्रस्ट पार्न आदि जानकारी प्रदान गर्दछ । पूर्वकार्यको समीक्षाका अन्य अध्ययनबाट निस्किएको नतिजाका बारेमा स्पष्ट जानकारी लिन सघाउ पुऱ्याउँछ ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य परिकल्पना अनुसन्धान पद्धतिको छनोट र पहिचानमा मद्दत पुग्ने, वास्तविक समस्याको पहिचान गर्न सकिने अनुसन्धेय शीर्षकको औचित्य सिद्धगर्न सम्बन्धित विषयमा गहन ज्ञान प्राप्त हुनु, अनुसन्धानको विषय सुरु भएर अन्त्यसम्म नै महत्वका साथ रहिरहने यस अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्धान्त र कार्य पद्धतिको निरूपण गरेर अनुसन्धेय विषयमा मौलिक योगदान दिन्छ । त्यसैले अनुसन्धानलाई मौलिक, विशिष्ट र नवीन बनाउनका लागि अनुसन्धानका पूर्वकार्यको उपयोगिताको अपरिहार्यता रहन्छ । (राजवंशी २०७०) ।

प्रस्तावित पूर्वकार्यको अध्ययनबाट बोधगम्यताको क्षेत्रमा धेरै अनुसन्धान कार्य भएको पाइयो तर झापा जिल्लाका कक्षा आठको नेपाली विषयको कथा विधाको बोधगम्यता क्षमताको अध्ययन भएको पाइएन तसर्थ उपयुक्त समीक्षात्मक अध्ययनमा उपयोग गरिएका अनुसन्धान विधि तथा प्रक्रियाहरू कक्षाका विद्यार्थीहरूमा कथाको बोधगम्यता क्षमता पहिल्याउन केही मात्रामा भए पनि सहयोगी र उपयोगी देखिन्छ । अतः अन्य अनुसन्धानात्मक प्राप्तिहरू यस शोधकार्यमा पनि विद्यार्थीहरूको बोधगम्यता क्षमताको स्तर पहिचान र विश्लेषणमा उपयोगी सिद्ध भएका छन् ।

पूर्वकार्यको समीक्षाले गर्दा एकपटक अनुसन्धान भइसकेका समस्यामा पुनः अनुसन्धान हुन सक्ने सम्भावनाको न्यूनीकरण हुन्छ । त्यस्तै यसका माध्यमबाट अन्य अध्ययनहरूबाट निस्केको नतिजाको बारेमा स्पष्ट जानकारी लिन सघाउ पुऱ्याउँछ पूर्वकार्यको समीक्षा राम्रोसँग गरेमा सूचना सङ्कलन र व्याख्या विश्लेषणमा सहयोगी हुन्छ । विद्वान र प्रविधिका बारेमा पनि जानकारी पाइन्छ । पुस्तकहरू, पत्रपत्रिका, अनुसन्धानात्मक लेख र प्रतिवेदन, गोष्ठीपत्र, सरकारी तथा संस्थागत प्रतिवेदनहरू शोधपत्रहरू इन्टरनेटका सामग्री आदिको समीक्षा गर्न सकिन्छ (निउरे २०७० : २४१) ।

पूर्वकार्यको समीक्षाले शोधार्थीले समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न, प्राक्कल्पना निर्माण गर्न पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न विश्लेषणको आधार खोज्न शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ (भण्डारी र अन्य २०६७ : १२०) ।

## सैद्धान्तिक अवधारणा

### भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय

सामान्यतया पुस्तक र पाठ्यपुस्तक उस्तै लागे पनि दुवै समान होइनन् । पुस्तक र पाठ्यपुस्तक बीच भिन्नता पाइन्छ । पुस्तक कुनै निश्चित तह र उद्देश्यमा आधारित हुँदैन भने पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख साधन हो । यो विद्यार्थीहरूका लागि कुनै निश्चित ज्ञान प्राप्तिका सम्बन्धमा तोकिएको विषय निर्धारित पाठ्यक्रम अनुसार रचना गरिएको हुन्छ । (ढुङ्गेल र अन्य २०६८ : ८७) यसमा पाठ्यक्रमको अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, रुचि, क्षमता, अनुभव र सिकाइ आवश्यकता ख्याल गरी सङ्गठित गरिएको हुन्छ ।

भाषा शिक्षणका निमित्त उपयोग गरिने भाषा पाठ्यपुस्तक विषयवस्तु भाषिक सिप र व्याकरणको आधारभूत सामग्री समेत व्यवस्था गरिएको  समन्वयात्मक रूप हो । भाषा पाठ्यपुस्तक साध्य र साधन दुवै हो र त्यसालाई सघाउनका लागि विषयवस्तुहरू साधनका रूपमा प्रयोग गन्छिन् । भाषा पाठ्यपुस्तकको भाषा सरल र बोधगम्य हुनुपर्दछ । पाठ्यपुस्तकमा प्रयोग गरिने भाषा विद्यार्थीहरूको मानसिक क्षमता अनुरूपको हुनुपर्छ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने पाठ्य सामग्रीले विद्यार्थीको वर्तमान र भविष्यको बाटो देखाउन सक्नुपर्दछ । विद्यार्थीलाई सकारात्मक दिशामा अघि बढ्न प्रेरणा प्रदान गर्ने प्रकृतिको हुनुपर्दछ । भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमको

सैद्धान्तिक कुरालाई व्यावहारिक क्रियाकलाप एवं प्रक्रियामा ढालेर अपेक्षित उद्देश्य पूर्ति गर्न सहयोग गर्ने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तक भाषिक ज्ञान सिप र दक्षताको अभिवृद्धि दुवै किसिमका सामग्रीको रचनाका दृष्टिले राखिएको हुनुपर्दछ । भाषिक सिप विकास गर्ने उद्देश्यले राखिएका अभ्यासहरू मूल पाठसँग सम्बन्धित र स्पष्ट हुनुका साथै प्रयोगात्मक हुनु राम्रो ठानिन्छ ।

विद्वान्हरूले दिएका परिभाषाहरू ख्याल गर्दै भाषा पाठ्यपुस्तकका परिभाषाहरू निम्नानुसार देखाउन सकिन्छ :

“भाषा पाठ्यपुस्तक विद्यार्थीलाई तिनीहरूको आवश्यकता पूर्तिका लागि सामाजिक सन्दर्भमा विस्तृत रूपमा सक्रिय भूमिका निर्वाह गर्ने वातावरण उपलब्ध गराउँछ” (वि. एब्ज र अन्य) ।

“भाषा पाठ्यपुस्तकले सामग्री र अभ्यास उपलब्ध गराउनका साथै सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई वृद्धि गर्दछ । यसले संरचनालाई सिकाइका तहमा स्तरण गरी पहिले पढिसकेको संरचनालाई व्यवस्थित पुनरावृत्तिको अवसर प्रदान गर्दछ” (आर ओनिल) ।

“भाषा पाठ्यपुस्तक सिकाइ प्रक्रियाको एउटा सामग्री हो, जसमा विद्यार्थीको आवश्यकतालाई कक्षा कोठासँग सम्बन्धित बनाइएको हुन्छ । विद्यार्थी र शिक्षकले आफ्नो अवस्था अनुसार सुहाउँदो सिकाइ विधिमा आधारित भएर पाठ्यपुस्तकको उपयुक्त किसिमले प्रयोग गर्दछन्” (कनिङ जवर्थ) ।

भाषाका विभिन्न परिभाषाका आधारमा निष्कर्षमा भाषा पाठ्यपुस्तक भनेको पाठ्यक्रममा उल्लेख गरिएको उद्देश्य पूरा गर्न, सिकारुको आवश्यकतालाई सम्बोधन गर्न, नवीन विषयको जानकारी दिन तथा योजनावद्ध शिक्षण गर्न सहयोग गर्ने आधिकारित एवम् महत्वपूर्ण सामग्री हो । यसले विद्यार्थीमा भाषिक बोध गराउनुका साथै अभिव्यक्ति क्षमतामा अभिवृद्धि गर्न मद्दत गर्छ । भाषा पाठ्य पुस्तकमा विधागत विविधता पाइन्छ । विभिन्न विधाहरूको संगालोको रूपमा भाषा पाठ्य पुस्तकलाई चिनाउन सकिन्छ ।

**भाषा पाठ्यपुस्तकमा राखिएका विधाहरू**

भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनुपर्दछ । भाषिक सिपको विकाशका लागि विधागत विविधता र तिनको प्रस्तुति महत्वपूर्ण ठहर्दछ । भाषा पाठ्यपुस्तकमा राखिएका विधाहरूले विद्यार्थीको रुचि, उमेर, आवश्यकता, मनोविज्ञान र पूर्व शैक्षणिक अनुभवलाई समेटेको हुनुपर्दछ । भाषा पाठ्यमा प्रस्तुत विधाहरूले मूलतः भाषिक सिपको विकास गर्न सघाउनुका साथै विद्यार्थीको

बौद्धिक क्षमताको अभिवृद्धि गर्न सक्नु पर्दछ । स्थुल रूपमा विधा भनेको प्रस्तुतिकरण तथा शैलीगत विशेषता भएकाले खास भाषिक संरचना तथा शैली खास विधामा स्पष्ट हुन्छ । त्यसैले भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनुपर्दछ ।

भाषा पाठ्यपुस्तकमा विधाको चयन गर्दा सुरुमा सरल हुँदै जटिलतर्फ अग्रसर हुनुपर्दछ । साधारण र सामान्य अनुभवमा आधारित विषयवस्तुबाट सुरु गरेर वैज्ञानिक, साहित्यिक र विवेचनात्मक विषयहरू समावेश गर्नुपर्दछ, जस्तैः पाठ्यपुस्तकमा सजिलो कथा हुँदै जटिल कथातर्फ अघि बढ्नु, तल्ला कक्षा र माथिल्ला कक्षामा वितरण गरिने विधामा तिनको प्रस्तुतिकरण संरचना लम्बाइ जटिलता आदि पक्षलाई सूक्ष्म रूपले ध्यान पुऱ्याउनु पर्दछ । कक्षा तीनसम्म स-साना कथा, सरल कविता छोटा प्रबन्धहरू तथा सरल संवादहरू राखिनु पर्दछ भने माथिल्ला कक्षामा कथा, कविता, निबन्ध, प्रबन्ध, संवाद, जीवनी जस्ता विधाहरूको संरचनालाई कस्दै लैजानु उपयुक्त हुन्छ । ( ढुङ्गेल र अन्य २०६८ : १२७) समग्रमा भन्नुपर्दा पाठ्य पुस्तकमा विधाको चयन गर्दा विद्यार्थीको स्तर, रुचि पूर्वाध्ययनको पृष्ठभूमि, उमेर आदिको ख्याल गरिएको भाषा पाठ्य पुस्तक बोधगम्य र उपयुक्त हुन जान्छ ।

उद्देश्य अनुरूप पाठ्यपुस्तकहरू समेट्ने विधाको छनोट गर्नु उपयुक्त हुन्छ । विविध विषयवस्तु र सोअनुसारको अभ्यासबाट मात्र भाषिक सिपको विकास हुन सक्दछ । कथा, कविता, निबन्ध/प्रबन्ध, चिठी, निवेदन, जीवन, रूपक (संवाद, वादविवाद, मनोवद, एकाङ्की, नाटक) जस्ता विधाहरूमा भाषिक सिपको विकास गर्ने विषयवस्तुहरू समावेश गरिनुपर्दछ । विषयवस्तुगत व्यापकताको प्रकृतिको आधारमा विधालाई छनोट गर्न सकिन्छ ।

विधाहरूलाई पाठ्यपुस्तकमा प्रस्तुत गरिने पाठका रूपमा समावेश गरी उपयुक्त विवरण प्रक्रियाको प्रष्ट योजना बनाउनुपर्छ । त्यसपछि उपयुक्त पाठमा उपयुक्त पाठ्यवस्तु उपयुक्त ढङ्गले वितरण गर्ने योजना तय गरिनुपर्दछ । विषयवस्तुको प्रकृतिअनुसार विधामा प्रस्तुत गर्नु अझ प्रभावकारी हुने ठानिन्छ । विभिन्न विधाका पाठहरू समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका बीच सन्तुलन भाषाको समसामयिकता, स्तरअनुरूपकता, रुचिपूर्णता आदिलाई ध्यान दिनुपर्दछ ।

भाषा पाठ्यपुस्तकमा विधाको चयन गर्दा विद्यार्थीहरूको रुचि र आवश्यकतालाई ख्याल गर्नुपर्छ । उमेर, बौद्धिक स्तर, भाषिक क्षमता, वातावरण आदि विविध पक्षले उनीहरूको रुचिमा पनि भिन्नता ल्याएको हुन्छ । यदि भाषा पाठ्यपुस्तकमा विद्यार्थीको रुचि अनुरूप छ भने त्यसबाट उनीहरूले धेरै सिक्न सक्छन् र भाषिक अपेक्षाहरू पनि प्रभावकारी रूपमा पूरा हुन सक्छन् ।

त्यसैले भाषा पाठ्यपुस्तकमा विद्यार्थीको रुचि जगाउने र उत्प्रेरित गर्ने खालका विषयवस्तु समावेश गरिनुपर्दछ ।

**कथाको सामान्य परिचय र परिभाषा**

कथाको जन्म मानव सभ्यताको प्रारम्भसँगै भएको हो । मानव सभ्यताको उषाकालीन यामसँगै कथाको जन्म हुन पुगेको कुरामा अधिकांश साहित्यिक विज्ञहरूले स्वीकृति जनाएका छन् । मानव जीवनको सुरुवातसँगै जीवनका विविध घटना पीडा, हाँसो, खुसी एक आपसमा मौखिक रूपमा प्रकट गर्दै जाने क्रममा कथाको सुरुवात भएको मान्न सकिन्छ । अतः कथा सुन्ने र सुनाउने परम्परा धेरै पहिल्यैदेखि रहेको हुनाले कथा यात्रा अत्यन्त प्राचीन मानिन्छ ।  पूर्वीय र पाश्चात्य साहित्यमा कथाको परम्परा प्राचीन देखिए तापनि आधुनिक साहित्यशास्त्र अनुसार विधागत स्वीकृति प्रदान गरिएपछि कथाको प्रारम्भ भएको हो । गद्धय भाषाको किस्सा तथा कथात्मक निबन्धको समीकरणबाट वास्तविक आधुनिक कथा विधाको जन्म भएको हो । यसको विकास द्रूत गतिमा हुँदै गएका कारणले आज एक प्रभावकारी साहित्यका रूपमा विश्वभर नै जगमगाएको पाइन्छ ।

संस्कृत भाषाको ‘कथ’ धातुमा ‘अङ’ (अ) प्रत्ययबाट  निष्पन्न ‘कथ’ मा ‘टप’ (आ) प्रत्यय गाँसिएर ‘कथा’ शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ ‘केही कुरा भन्नु’ जान्नु वा कहनु हो । कथालाई अङ्ग्रेजीमा short story भनिन्छ । भने हिन्दीमा ‘कहानि’ बङ्गालीमा ‘गल्फ’ भन्ने गरिन्छ । युग र समय अनुसार कथाको विभिन्न परिभाषा पाइन्छ । कथाले युगीन परिवेश र परिवृत्तका अवस्थालाई वहन गर्दछ । आख्यानात्मक संरचनाको रूपमा रहेको कथाले साहित्यिक विधाका रूपमा विशेष महत्व राखेको पाइन्छ । (भण्डारी र अन्य २०६७ : ४)

कथाको सुरुवात पूर्वीय र पाश्चात्य साहित्यमा बेग्लाबेग्लै समयमा भएको पाइन्छ । पूर्वीय वाङ्मयका वैदिक ग्रन्थहरू तथा पाश्चात्य साहित्यका इलियड र ओडिसी जस्ता कृतिहरूमा पनि कथाको विधागत स्वरूपको झल्को प्राप्त गर्न सकिन्छ । वेदव्यासद्वारा अग्निपुराणमा, भामह द्वारा काव्यको वर्गीकरण गर्ने क्रममा , रुद्रटद्वारा काव्यको वर्गीकरण गर्ने क्रममा कथाको विधागत स्वरूपको केही अंश प्राप्त गर्न सकिन्छ । पाश्चात्य साहित्यमा आधुनि कथाका जन्मदाता एडगर एलेन पो ले गरेको देनलाई अविश्मरणीय मानिन्छ । यिनै आरोह अवरोह पार गर्दै कथाले गद्य भाषाको किस्सा तथा निबन्धात्मक कथाको समन्वयबाट उन्नाइसौं शताब्दीमा विधागत सैद्धान्तिक अवधारणा प्राप्त गरेको हो (भण्डारी र अन्य २०६७ : १) । कथाले आफ्नो स्वरूपलाई युग सापेक्ष

परिवर्तन गर्दै लगेकाले यसलाई कुनै निश्चित परिभाषामा समेट्न सकिँदैन तथापि कथा सम्बन्धी विभिन्न विद्वानहरूका परिभाषालाई यसरी देखाउन सकिन्छ ।

**पाश्चात्य विद्वानहरूका मतमा कथा**

"कथा भनेको एउटा यस्तो काव्यात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिँइदैन । यो आफैँमा पूर्ण हुन्छ" (एडगर एलेन पो) ।

"बीस मिनेटमा पढ्न सकिने कुनै पनि सङ्क्षिप्त आकारको गद्य लेखन नै कथा हो" (ए. जी. वेल्स) ।

"आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो । यो चलाखपूर्वक योजना गरिएको कलात्मक उपलब्धि हो" (आर. के. लगू) ।

"कथा कुनै एक चरित्रको जीवनको एक मार्मिक प्रसङ्गको नाटकीय रूपमा गरिएको प्रस्तुतिकरण हो" (जे डव्ल्यु) ।

**पूर्वीय विद्वानहरूका मतमा कथा**

"सत्य घटनामा आधारित आख्यान कथा हो ।" (भामह)

"कहानी सङ्कट वा अन्योलमा परेका पात्रहरूको कलात्मक वर्णन हो, जसको कुनै निश्चित परिणाम होस् ।" (इलाचन्द्र जोसी)

"कथामा मानिसको त्यस्तो  अवस्था विशेषको अभिव्यञ्जना खास गरी हुन्छ जसबाट त्यस पात्रको स्वभाव अथवा कुनै एक प्रवृत्ति विशेषको परिचय पाठकले पाउँदछन् ।" (रत्नध्वज जोसी)

"एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथाले एक प्रमुख पात्रको जीवनको कुनै अंगको र त्यस जीवन सम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ ।" (डा. ईश्वर बराल)

यसरी यी सम्पूर्ण परिभाषाहरूलाई नियाल्दा कथालाई जीवनका कुनै मुख्य घटना भावदशा वा प्रवृत्ति विशेषको चित्रण गर्दै समाज सुधारको अपेक्षाका साथ कलामय अभिव्यक्तिका रूपमा चिनाउन खोजिएको छ । कथा निश्चित संरचनामा आवद्ध प्रभावितपूर्ण कलात्मक र संक्षिप्त तर

आफैँमा पूर्ण हुन्छ र यसमा स्थापित मूल मान्यताका साथै युग अनुसारको मूल्य मान्यता प्रकट हुन्छ भनी कथाको परिभाषा गर्न सकिन्छ ।

**नेपाली भाषा पाठ्यपुस्तक शिक्षण परम्परा र कथा शिक्षण**

नेपालमा कथा शिक्षण परम्परा पुरानै मानिन्छ । गुरुकुल शिक्षा परम्परादेखि नै वैदिक, पौराणिक र लोककथाजस्ता कथाको शिक्षण गर्ने परम्परा रहेको देखिन्छ । त्यतिबेलाको शिक्षा मौखिक रूपमा मात्र हुन्थ्यो । विद्यार्थीहरूले सुनेको भरमा घोकेर सिक्नु पर्दथ्यो । कलाको प्रयासपछि रुखको बोक्रा, पातहरू, धुलो, आदिमा लेख्दथेँ । पछि ताम्रपत्र लेखनले ज्ञानको संरक्षण भयो । पहिलो पाठ्यपुस्तकको रूपमा 'अक्षराङ्क शिक्षा' जयपृथ्वी बहादुर सिंहद्वारा तत्कालीन प्रधानमन्त्री देव शमशेरको आदेशअनुसार वि.सं. १९५आठमा प्रकाशित भयो । त्यसपश्चात् विद्यालय स्तरमा पाठ्यपुस्तकहरू उपलब्ध हुन थाले संस्थागत रूपमा नेपाली भाषा शिक्षणको परम्परा भाषा पाठशालाबाट हुन थालेको पाइन्छ ।

वि.सं. १९७० मा गोरखा भाषा प्रकाशिनी समितिको स्थापनासँगै उक्त संस्थाले भाषा पाठशालाका लागि शिशु बोधिनी, गोरखा शिक्षा, आरोग्य शिक्षा तथा अङ्क गणितका पाठ्यपुस्तकहरू प्रकाशित गरेको पाइन्छ । १९६८ मा इलाहावाद बोर्डले म्याइक परीक्षामा नेपालीलाई एउटा ऐच्छिक विषयका रूपमा मान्यता दिएको देखिन्छ । वि.सं. १९७५ मा कलकत्ता विश्वविद्यालय पनि नेपालीलाई ऐच्छिक विषयका रूपमा मान्यता दिएपछि सोही विश्व विद्यालयसँग सम्बन्धित रहेर दरबार स्कुल पनि ऐच्छिक मर्नाकुलरका रूपमा नेपाली लिन पाउने व्यवस्था भएको मान्न सकिन्छ । १९८२ मा रुद्रराज पाण्डे दरबार स्कुलका हेड मास्टर भएपछि नेपाली भाषाको पठनपाठन वृद्धि हुँदै गएको देखिन्छ । (ढकाल २०६८ : १९)

वि.सं. १९९० मा नेपाल एस.एल.सी. बोर्डको स्थापना भएपछि भने नेपाली भाषा शिक्षण परम्पराले ठूलो फड्को मारेको पाइन्छ । नेपाली भाषालाई अनिवार्य नगराइए तापनि मर्नाकुलर, रचनापत्र र अतिरिक्त पत्र गरी विद्यार्थीहरूले ३०० पूर्णाङ्कसम्मको नेपाली लिन पाउने व्यवस्था थियो । त्यसै बेला प्रारम्भिक नेपालीमा बोधविक्रम अधिकारीको 'नेपाली दन्त्यकथा' पाठ्यपुस्तक सिफारिस गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा नेपालको इतिहासमा यसै समयदेखि औपचारिक रूपमा पाठ्यपुस्तकमा कथा शिक्षणको सुरुवात भएको पाइन्छ ।

वि.सं. २००५ सालमा नेपाली विषयलाई अनिवार्य बनाउनुको सट्टा नेपाली वा हिन्दीमध्ये कुनै एक लिन पाउने व्यवस्था भयो । त्यसपछि २००८ सालमा प्रारम्भिक रूपमा १०० पूर्णाङ्कको

ऐच्छिक नेपाली विषयको व्यवस्था गरिएको पाइन्छ । यो व्यवस्था राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ आठसम्म कायम रह्यो । (ढकाल २०६८ : २०)

वि.सं. २००४ सालमा आधार शिक्षाको सुरुवात भयो । वि.सं. २००७ सालमा नेपाल राष्ट्रिय विद्यापीठको स्थापना भयो । यसले देशका विभिन्न भागमा प्रवेशिका परीक्षा सञ्चालन गऱ्यो । वि.सं. २००८ सालमा 'नेपाली शिक्षा परिषद्'को स्थापना भयो यस संस्थाले ३०० पूर्णाङ्कको अनिवार्य नेपालीको व्यवस्था गरेको पाइन्छ । उच्च शिक्षातर्फ वि.सं. २००५ मा भारतको पटना विश्वविद्यालयले आइ.ए. र बि.ए. तहमा नेपाली भाषा र साहित्य विषयलाई प्रधान विषयका रूपमा मान्यता दियो । वि.सं. २००९ मा नर्मल स्कुलको स्थापना भयो । जसले प्राथमिकता तहका शिक्षकलाई तालिम प्रदान गऱ्यो । वि.सं. २०१३ सालमा कलेज अफ एजुकेशनको स्थापना भयो । यसले भाषा शिक्षणलाई अझ व्यवस्थित बनाउने कार्य गऱ्यो । वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यसै सालदेखि एम.ए. तहसम्म नेपाली भाषा र साहित्य विषयको पनठपाठन हुन थाल्यो । (ढकाल २०६८ : २१)

वि.सं. २०२८ सालमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना' लागू गरियो । नेपालको शिक्षाको इतिहासमा यो योजनाले आमूल परिवर्तन गरी नयाँ स्वरूप, संरचना र पठनपाठन प्रदान गऱ्यो । नेपाली भाषा शिक्षणलाई पनि सिपमूलक र प्रयोगपरक ढङ्गले शिक्षण गर्ने गरी सिपगत अङ्ग विभाजन र पाठ्यभार तय गरी कक्षागत र तहगत पाठ्यक्रम निर्माण गरियो । पाठ्यक्रमले निर्देशन गरेबमोजिम पठन पाठनको व्यवस्था गरियो । यो योजना कार्यान्वयनकला लागि शिक्षा ऐन २०२८ जारी भयो । यस ऐनको उद्देश्यमा राष्ट्रभाषा, संस्कृति, साहित्य र कलाको विकास संरक्षण सम्बद्र्धन र प्रसार गर्ने भन्ने कुरा समावेश गरी नेपाली भाषा शिक्षणमा जोड दिएको पाइन्छ । वि.सं. २०४०/०४१ को शैक्षिक सत्रदेखि त्रिभुवन विश्वविद्यालयले दुई वर्षे एम.एड. कार्यक्रमको सञ्चालन गरी नेपाली विषयमा विशिष्टीकरणको व्यवस्था पनि मिलायो । यसैगरी प्रवीणता प्रमाणपत्र तह र स्नातक तहमा पनि अनिवार्य र ऐच्छिक विषयका रूपमा नेपाली भाषा शिक्षणलाई अगाडि बढाइयो । त्रिभुवन विश्वविद्यालय अन्तर्गत मानविकी सङ्काय अन्तर्गत २०६६ सालको शैक्षिक सत्रदेखि नेपाली विषयमा एम.फिल अध्ययन आरम्भ भएको पाइन्छ । मानविकी र शिक्षा सङ्कायअन्तर्गत विद्यावारिधिको अध्ययन र अनुसन्धान कार्य समेत भइरहेको छ । (ढकाल २०६८ : २२)

अहिलेसम्म भएका अनुसन्धान अनुसार नेपाली कथात्मक रचनाको पहिलो लिखित स्वरूप शक्तिबल्लभ अर्यालका *महाभार विराटपर्व* (वि.सं. १८२७) हो । नेपाली साहित्य इतिहासलाई नियाल्दा प्राचीन, माध्यमिक र आधुनिक कालम थुप्रै कथा रचना भए र हालसम्म पनि विभिन्न

विषयवस्तु समेटेर कथाको रचना भइरहेको छ । नेपाली भाषा शिक्षणको थालनी वि.सं. १९५८ सालमा खोलिएको भाषा पाठशालाबाट भएको पाइन्छ । नेपालमा कथा शिक्षण परम्परा पुरानै मानिन्छ । गुरुकुल शिक्षा परम्परादेखि नै वैदिक, पौराणिक र लोककथा जस्ता कथाको शिक्षण गर्ने परम्परा रहेको देखिन्छ ।

औपचारिक रूपमा भाषा पाठ्यपुस्तकमा कथा विधा समावेश गरेर कथा शिक्षण गर्ने परम्परा भने वि.सं. १९९० को एस्. एल्. सी बोर्डको स्थापना पश्चात् नेपाली भाषा शिक्षणमा ठुलो फड्को मारेको पाइन्छ । नेपाली भाषालाई अनिवार्य नगराए पनि भर्नकुलर, रचना पत्र र अतिरिक्त पत्र गरी विद्यार्थीहरूले ३०० पूर्णांकसम्मको नेपाली विषय लिन पाउने व्यवस्था भएको थियो । त्यसै बेला प्रारम्भिक नेपालीमा बोधविक्रम अधिकारीको *नेपाली दन्त्यकथा* पाठ्यपुस्तक सिफारिस गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा नेपालको इतिहासमा यसै समयदेखि औपचारिक रूपमा पाठ्यक्रम र पाठ्यपुस्तकमा कथा शिक्षणको सुरुवात भएको पाइन्छ ।

नेपालमा वि.सं. २००९ मा खुलेको नर्मल स्कुल वि.सं. २०१३ मा स्थापित कलेज अफ एजुकेशनले नेपाली भाषा शिक्षणम नयाँ सोच र समभको उपयोगमा ल्याएको पाइन्छ । वि.सं. २०२८ सालमा गठन भएको राष्ट्रिय शिक्षा पद्धति योजना लागू भए पश्चात शिक्षण क्षेत्रमा नयाँ फड्को मारेको पाइन्छ । जस्तैः वि.सं. २०२८ सालको पाठ्यक्रममा नै कक्षा आठमा कथा विधा अन्तर्गत लोककथा, आधुनिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा गरी कथालाई उपविधामा छुट्याइएको पाइन्छ ।

हालसम्मको इतिहासलाई हेर्दा भाषा पाठ्यपुस्तकमा भाषा शिक्षणमा धेरै प्रयास भएको पाइन्छ । भाषा पाठ्यपुस्तकमा कथा विधालाई महत्वपूर्ण मानी शिक्षण गरिँदै आएको पाइन्छ । कथा नेपाली साहित्यको महत्वपूर्ण विधा हुनाका साथै भाषा शिक्षणमा भाषिक सिप हासिल गर्न सहायक हुने, जीवन र जगत्का समग्र पक्षको पहिचान गराउने, सिकाइप्रति उत्प्रेरणा जगाउने, मानव विकास र सभ्यताको बारेमा जानकारी प्राप्त गराउने, तत्कालीन समाजका सामाजिक सांस्कृतिक पक्षसँग परिचित गराउने, विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको विकास गराउने, बोध क्षमताको विकास गराउने, शब्दभण्डारको विकास गराउने, तार्किक क्षमताको विकास गराउने तथा मौलिक रूपमा कथा कथन र लेखन क्षमताको विकास गराउन कथा शिक्षणले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले यस विधासँग सम्बन्धित भएर विभिन्न अध्ययन अनुसन्धान गर्नु आवश्यक हुन्छ । त्यसैले यहाँ कक्षा आठको बोधगम्यताका आधारमा कथा विधाको अध्ययन गरी त्यसको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**बोधगम्यताको परिचय**

भाषिक सन्दर्भमा बोधको अर्थ साामान्यतया सुनेका र पढेका सामग्रीहरूको अर्थ बुझाइ भए पनि व्यापक रूपमा कुनै मौखिक लिखित र अमूर्त सन्देशको अभिप्रायः बुझ्नु बोध हो (शर्मा पौडेल, २०६० : १०६) । अङ्ग्रेजीमा बोधलाई Comprehension मानिन्छ । जसको अर्थ विभागी कार्य समक्ष शक्ति भाषिक क्षमताको विकास वा परीक्षाका निम्ति गरिने अभ्यास हुन्छ । क्याम्ब्रिज अन्तर्राष्ट्रिय शब्दकोशले कुनै पनि अवस्था तथ्यको सचेत तथा पूर्ण रूपले बुझ्ने क्षमता तथा एउटा अभ्यासले जसले प्रश्नहरू सोधेर वा पढ्न दिएर विद्यार्थीहरूको बुझाइलाई जान्ने प्रक्रिया भनी अर्थ्याएको पाइन्छ (भुषाल : २०६७) ।

'बोध' भनेको कुनै लिखित वा मौखिक अभिव्यक्तिलाई पढेर त्यसको मूल आशयलाई बुझ्नु हो । ( नेत्र एटम) बोध शब्द 'बुध' अवगमने धातुमा 'धय' प्रत्यय लागेर बनेको हो । 'बुध' ले ज्ञान गर्नु भन्ने अर्थ बुझाउँछ । तसर्थ बोध भनेको बुझ्नु हो । लिपिचिन्हलाई आँखा र मस्तिष्क ले पढेर तथा कुनै वक्ताले बोलेको कुरा सुनेर मुख्य आशय वा सारलाई व्यक्तिले आफ्नो दिमागा राख्ने काम नै बोध हो (ढकाल र अन्य २०६८ : १३२) । बोध र गम्य शब्दमा ता प्रत्यय लागेर बोधगम्यता बनेको हो । बोधको अर्थ पढेर वा सुनेर बुझ्ने क्षमता वा सिप हो भने बोधगम्यता भन्नाले बुझ्न सक्ने वा सम्झन सक्ने क्षमतालाई बुझाउँछ (भूषाल : २०६७) । बोधगम्यता कुनै भाषिक व्यवस्था अन्तर्गत अभिव्यक्त विचारलाई ग्रहण गर्ने महत्वपूर्ण माध्यम हो । बोध भाषिक स्पष्टिकरण विकासको आधार बन्न सक्ने हुँदा यसले बालबालिकाहरूलाई आफ्नो सेरोफेरोमा देखेका अनुभव गरेका र सुनेका विषयवस्तुमा गहिरिएर तत्व बोध गर्न सामर्थ्यवान बनाउँछ । बोधगम्यता शब्द र वाक्यको अर्थ बुझ्न मात्र सीमित नरही बोद्धाको बौद्धिक उपजसम्म रहेको हुन्छ । विद्यार्थीहरूका पठनका लागि उपयोग गरिने सामग्री शब्दभण्डार, संरचना विषयवस्तु, विद्यार्थीको रुचि, क्षमता, आवश्यकता ता अन्य आवश्यक तत्वहरूको उपयुक्तता र अनुपयुक्तता जाँच गर्नुपर्दछ । बोधगम्यताका लागि उपयोग गरिने सामग्रीका पठनशीलता परीक्षण गर्दा ती सामग्रीका शब्दण्डार विद्यार्थीका रुचि तह उमेर आवश्यकता अनुकुल छ छैन ? ती सामग्रीले मनोवैज्ञानिक पक्षको ख्याल गरेको छ छैन ? समय र सान्दर्भिकता कस्तो छ ? आवृत्तिलाई ख्याल गरिएको छ छैन ? जस्ता विषयलाई केन्द्रविन्दु बनाइन्छ ।

पाठ्यपुस्तकमा समावेश भएका पाठहरू पठनपाठनका लागि उपयुक्त भएनभएको कुरा निक्यौल गर्ने कार्य बोधगम्य क्षमताको अध्ययनद्वारा गर्न सकिन्छ । भाषा शिक्षणका क्रममा पाठ्यपुस्तकमा समावेश विधा पाठ्यसामग्रीलाई व्यवस्थित वैज्ञानिक समसामयिक र उपयोगी बनाउन बोधगम्यताको अध्ययन अनिवार्य हुन्छ ।

नेपालको सन्दर्भमा पाठ्यपुस्तक तथा बोधगम्यताको अध्ययन नयाँ भए तापनि विश्वको इतिहासमा नौ दशक लामो भएको पाइन्छ । तेस्रो दशकसम्म अनुसन्धानको रूपरेखा विश्लेषण र मूल्याङ्कनमा सीमित थियो । त्यसपछिको दुई दशक पाठ्यपुस्तकको सुधार रूपरेखा शब्दभण्डार आदिमा अनुसन्धान भएको पाइन्छ । सन् १९५० देखि १०६० मा पाठ्यपुस्तकको बोधमूलक दृष्टिदेखि राष्ट्रिय चाहना र आकांक्षा अनुरूप के कस्तो छ सोको बारेम अनुसन्धान हुनुका साथै परीक्षा मूल्याङ्कनका क्षेत्रमा धेरै उपलब्धि हाशील भएको पाइन्छ । विकसित मुलुकमा पाठ्यसामग्रीलाई बोधम्यताका आधारमा अनुसन्धानपछि मात्र प्रयोगमा ल्याउन राज्यले सिफारिस गरेको पाइन्छ । (राजवंशी २०७२)

हाम्रो देश नेपालको सन्दर्भमा भन्नुपर्दा विद्यालय तह कक्षा एक देखि कक्षा १० सम्म शैक्षिक सामग्री निर्धारण तथा निर्माण गर्ने काम शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले गर्दछ भने निजी स्रोतका विद्यालयहरूले विविध शैक्षिक सामग्रीहरू आ-आफ्नै ढङ्गले अध्ययन अध्यापन गराउँदै आएका छन् । यसरी नेपालम यस्ता सामग्रीहरूको अध्ययन अनुसन्धान कमै भएको पाइन्छ । विभिन्न गोष्ठी सेमिनारहरू भए तापनि पूर्ण रूपमा पाठ्यसामग्रीहरू विद्यार्थीहरूको पूर्व क्षमता, भाषिक पृष्ठभूमि, लिङ्ग, स्थानीय परिवेशाई त्यति ध्यान दिएको पाइँदैन र पुरानै परम्परालाई अगाडि बढाएको पाइन्छ ।

विविध विषय र क्षेत्रसँग सम्बन्ति सम्पूर्ण ज्ञानहरूलाई भाषिक सिप प्राप्तिका निमित्त उपयोग गर्न सकिन्छ । विषयवस्तु विद्यार्थीको अनुभवका सेरोफेरोसँग सरोकार राख्ने हुनुपर्छ । परिचित, सरल, मूहुर्त ज्ञात विषयबाट अपरिचित, जटिल, अमूर्त र अज्ञात विषयतिर उन्मुख भएको पाठ्यांश बोधका दृष्टिले राम्रो मानिन्छ । विद्यार्थीहरूलाई पाठप्रति उत्सुक बनाइ राख्न विषयवस्तुको चयनमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । सरल शब्द, स्पष्ट शब्द, रुचि अनुसारको विषयवस्तु र व्याकरणिक पाठ्यक्रममा अभिव्यक्त भएका लिखित अभिव्यक्ति छनोट गर्दा विद्यार्थीको बौद्धिक क्षमता बढाउन सकिन्छ । (ढुङ्गेल र अन्य २०६८ : १०६)

बौद्धिक क्षमताको अध्ययनमा पाठ्यपुस्तकमा प्रस्तुत भएका पाठ (विधाहरू) नै सर्वोपरी हुने भएकाले यस अध्ययनमा पनि कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन विश्लेषण गर्ने काम गरिन्छ । हालको कक्षा आठको नेपाली किताबमा छवटा कथाहरू समावेश भएका छन् । यी कथाहरू झापा जिल्लाका विद्यार्थीहरूका लागि उपयुक्त छन् छैनन्, त्यसमा समावेश भएका विषयवस्तुको आकार प्रकार शब्द संरचना, वाक्य संरचना, शब्द र वाक्यको जटिलता र सरलता तथा अन्य विविध पक्षको ख्याल गरिएको छ छैन ? सबै विद्यार्थीहरूलाई यसले प्रतिनिधित्व गर्न सक्छ कि सक्दैन भन्ने कुरा यस अध्ययनमा हेर्ने प्रयास गरिएको छ ।

**बोधगम्यता अध्ययन विश्लेषणका आधारहरू**

**क) स्थानीयताको आधार**

स्थानीय (गाउँ र सहर)का आधारमा बोधगम्यता क्षमताको परीक्षण गरिन्छ । गाउँका विद्यालयमा पढ्ने विद्यार्थी र सहरका विद्यालयमा पढ्ने विद्यार्थीको क्षमताको स्थिति पत्तो लगाउनका साथै पाठ्यपुस्तकमा प्रयुक्त विधाले यस्ता विद्यार्थीको भावलाई कतिको पर्गेल्न सक्छ भन्ने कुराको पत्ता लगाउन यस आधारले बोधगम्यता क्षमताको अध्ययन विश्लेषण गरिन्छ ।

**ख) भाषिक पृष्ठभूमि**

विद्यालयमा विभिन्न जातजाति भाषाभाषिका विद्यार्थीहरूको उपस्थिति हुने भएकाले तिनीहरूको आवश्यकता, बौद्धिक क्षमतालाई ख्याल गरी विषयवस्तु, पाठ्यवस्तु, विधाहरू चयन भए नभएको पत्तो लगाउनका साथै पहिलो भाषी र दोस्रो भाषीमा देखिने अन्तर र समानता केलाउन यस आधारले मद्दत गर्दछ ।

**ग) जातियताको आधार**

नेपाल बहुजाति बहुभाषी र बहुसंस्कृति मुलुक हो । नेपालमा १२३ भाषाभाषीहरू रहेका छन् । यस्ता विभिन्न जात जातिले नेपाली भाषा सिक्ने क्षमता उनीहरूको बौद्धिक क्षमताको स्थिति ठम्याउन जातीयताको आधारमा बोधगम्यता क्षमताको परीक्षण गर्न सकिन्छ ।

**घ) लिङ्गको आधार**

विद्यालयमा पठनपाठन गर्ने छात्र र छात्राको बोधगम्यता क्षमता कस्तो छ । समान र असमान कस्तो अवस्था छ ? भनी परीक्षण गरिन्छ । लिङ्गका आधारमा शारीरिक र मानसिक विकास फरकफरक पर्ने हुनाले नेपालको परिवेशमा छात्र र छात्राको बौद्धिक क्षमताको परीक्षण गरेर सोही अनुसारको पाठ्यपुस्तक तयार पार्न सहज हुन्छ । त्यसैले यसका आधारमा पनि बोधगम्यता क्षमताको अध्ययन विश्लेषण गरिन्छ ।

**च) विद्यालयको प्रकृति**

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बोधगम्यता समान छ वा छैन ? कमजोर भएमा त्यस कारण के के हुन् ? सो पत्ता लगाउनका साथै कस्ता खालका विधा तथा विषयवस्तु विद्यालयको प्रकृतिका आधारमा उपयुक्त हुन्छ ? सो पत्तो लगाउन यसले मद्दत गर्दछ । त्यस्तै नीजि र संस्थागत विद्यालयको पढाइको स्तर थाहा पाउन, नीजि र सामुदायिक विद्यालयका

विद्यार्थीको बोधगम्यता अवस्था थाहा पाउन विद्यालयको प्रकृतिका आधारमा अध्ययन विश्लेषण गरिन्छ ।

**छ) विषयवस्तुको रखाइक्रम**

पाठ्यपुस्तक पाठमा प्रयुक्त विधाहरूको रखाइक्रम सरलबाट जटिलतिर बढेको हुनुपर्दछ । सरल, कम जटिल र जटिल क्रमबद्ध मिलाएर राखिएका पाठहरू बोधगम्यता दृष्टिमा राम्रो मानिन्छन् । त्यस्तै त्यहाँ प्रयुक्त शब्द, वाक्य आदि पनि सरल र जटिलको क्रमबद्धताका आधारमा हुनु आवश्यक हुन्छ । त्यसैले पाठ्यपुस्तकमा पाठको रखाइक्रम मिले नमिलेको पहिचान गर्न विषयवस्तुको रखाइक्रमका आधारमा अध्ययन विश्लेषण गरिन्छ ।

पाठ्यपुस्तकमा भएका विधाहरूको अध्ययन विश्लेषण गर्दा यिनै आधारहरू अपनाइएको पाइन्छ । त्यसैले प्रस्तुत अध्ययन विश्लेषण गर्दा भाषिक पृष्ठभूमि, लिङ्ग, सरल र जटिलक्रमका आधारभूमिमा टेकेर तयार पारिएको छ । यहाँ बोधगम्यताका आधारमा कक्षा आठको कथा विधाको अध्ययन गरी त्यसको विश्लेषण गर्ने प्रयास गरिएको छ । यहाँ अनुसन्धेय विषय र त्यसका आधारका लागि प्रस्तुत गरिएको बोधगम्यता क्षमताको सैद्धान्तिक अवधारणाको अन्तः सम्बन्ध रहेको छ ।

## अध्याय : तीन

## अध्ययन विधि

### अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानलाई व्यवस्थित वैज्ञानिक शुद्ध यथार्थपरक बनाउन खास खास विधि पद्धतिलाई अवलम्बन गरिएको छ । अनुसन्धानका उद्देश्य प्राप्त गर्नका लागि सामग्री सङ्कलन, सामग्रीको सत्यापन, सामग्रीको वर्गीकरण, व्याख्या, विश्लेषण, तुलना मूल्याङ्कनमा सर्वमान्य, विश्वसनीय तथा वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गरी निष्कर्ष निकालिएको छ । यसो गर्दा सर्वप्रथम योजना निर्माण गरेर त्यसलाई कार्यान्वयनमा ल्याइएको छ । क्षेत्रीय अध्ययन विधि, पुस्तकालीय विधि, तुलनात्मक विधि यस अध्ययनका क्रममा अपनाइएका खासखास विधिहरू हुन् । यी विधिहरूलाई अनुसन्धानका क्रममा आवश्यकताअनुसार अपनाइएको छ । निर्दिष्ट पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको बोधगम्यताका आधारमा अध्ययन विश्लेषण यस अध्ययनको मुख्य उद्देश्य भएकाले बोध प्रश्नावलीको संक्षिप्त र वस्तुगत ढङ्गले प्रयोग गरिएको छ ।

### जनसङ्ख्या तथा नमुना

प्रस्तुत अध्ययन 'बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको विश्लेषण' अन्तर्गत कक्षा आठको नेपाली पाठ्यपुस्तकमा कथा विधाको बोधगम्यता क्षमता पहिल्याउने कार्यमा केन्द्रित रहेको छ । कक्षा आठमा अध्ययनरत झापा जिल्लाका तीन निजी र तीन सामुदायिक गरी छ विद्यालयका दश (पाँच छात्र/पाँच छात्रा) का दरले ६० विद्यार्थीहरूलाई जनसङ्ख्या नमुनाको रूपमा लिइएको छ ।

### नमुना छनोट विधि

कुनै पनि अनुसन्धानका लागि नमुना छनोट एउटा आधारभूत आवश्यकता हो । यसैका आधारमा अध्ययनको वस्तुगतता तथा विश्वसनीयता माथि भरोसा गर्न सकिन्छ । यसमा पनि भौगोलिक अवस्था समयको सीमितता आर्थिक कठिनाई जस्ता समस्याका कारण नमुना छनोट पूर्ण निष्पक्ष हुन्छ भन्न सकिन्न प्रस्तुत अध्ययनको नमुना छनोटका लागि सामान्य नमुना छनोट विधि अपनाइएको छ । प्रस्तुत शोधकार्यको लागि नमुना छनोट गर्दा उक्त कुरालाई ध्यानमा राखी अनुसन्धानकर्ताद्वारा लिङ्गका आधारमा छात्र पाँच र छात्रा पाँच गरी प्रत्येक विद्यालयबाट दशजना त्यस्तै भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी पाँच र दोस्रो भाषी पाँच गरी प्रत्येक

विद्यालयबाट दशजना गरी छनोट गरियो । नमुना छनोट गर्दा उदेश्यात्मक विधि (छात्रछात्रा पाँच/पाँच गर्ने गरी त्यस्तै पहिलो भाषी र दोस्रो भाषी पाँच/पाँच पर्ने गरी) अपनाइको छ ।

## तथ्याङ्क सङ्कलनका स्रोत

तथ्याङ्क सङ्कलनका प्राथमिक र द्वितीय स्रोतहरू रहेका छन् ।

### प्राथमिक स्रोत

यस अन्तर्गत सामग्री सङ्कलन गर्न सम्बन्धित क्षेत्रमा पुगी प्रश्नावली, जनसम्पर्कका माध्यमबाट सामग्री सङ्कलन गरी यो प्रतिवेदन तयार पारिएको छ ।

### द्वितियस्रोत

यस अध्ययनका क्रममा प्राथमिक स्रोतका सामग्रीहरूबाट अपुग भएकाले द्वितीय स्रोतका सामग्रीहरू पनि प्रयोग गरिएको छ । यस्ता सामग्रीहरूमा बोधगम्यता सम्बन्धित विविध जानकारीमूलक पाठ्यपुस्तकहरू, यसभन्दा अघिल्ला वर्षहरूमा भएका अध्ययन अनुसन्धानहरू, प्रकाशित र अप्रकाशित शोध प्रतिवेदनहरू, पत्रपत्रिका, सन्दर्भपुस्तक विभिन्न वेभसाइटहरूको अध्ययन अनुसन्धान गरी निष्कर्ष निकालिएको छ ।

## तथ्याङ्क सङ्कलनका साधन

### प्रश्नावली

छनोट गरिएका छ विद्यालयहरूको विद्यार्थीमाझमा विषय शिक्षक, शोध निर्देशकको सल्लाहद्वारा तयार पारिएको वस्तुगत प्रश्नावली प्रस्तुत गरी सो का आधारमा तथ्याङ्क सङ्कलन गरियो ।

### बोधप्रश्न

कक्षा आठको कथा विधाका पाठहरूबाट शब्दभण्डार, वाक्य, अनुच्छेद, पाठको संरचना विषयवस्तु, रुचि, आवश्यकता जस्ता कुराहरूको यथार्थ जानकारी लिने प्रकृतिका बोध प्रश्नहरू निर्माण गरी जम्मा १०० पूर्णाङ्कको परीक्षा सञ्चालन गरियो । विद्यार्थीको स्तरलाई ध्यानमा राखी अनुच्छेद छनोट गरी प्रश्नपत्र तयार गरियो । जम्मा छ अनुच्छेदमा खाली ठाउँ भर्ने, ठिक उत्तरमा चिन्ह लगाउने, एक वाक्यमा उत्तर दिने, घटनाक्रम मिलाउने लगायतका वस्तुगत प्रश्नहरू समावेश गरिएको थियो । यस प्रश्नावलीकै माध्यमबाट कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको

बोधगम्यता क्षमता विद्यार्थीमा कति रहेछ भन्ने परीक्षण गर्नु रहेको थियो । यस परीक्षणलाई विश्वनसीय र वस्तुनिष्ठ बनाउन बोधप्रश्नावलीको प्रयोग गरिएको थियो ।

**सर्वेक्षण**

क्षेत्रीय अनुसन्धान विधि भएकाले सम्बन्धित विद्यालयहरूमा पुगी विद्यार्थीको बोध प्रश्नका माध्यमले सर्वेक्षण गरियो तथा प्रश्नावलीहरू प्रयोग गर्न उपयुक्त स्थानको सर्वेक्षण गरियो ।

**जनसम्पर्क**

शोधनिर्देशक, विषयविशेषज्ञ, विषयशिक्षक, छनोट गरिएका विद्यार्थी, सम्बन्धित विद्यालयका प्र.अ. शिक्षक आदिसँग सम्पर्क गरी तथ्याङ्क सङ्कलन गरियो ।

## परीक्षणको कार्यान्वयन

प्रस्तुत अध्ययनको लागि परीक्षणीय सामग्रीहरूलाई अन्तिम रूप प्रदान गरिसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यापकसँग एवम् सम्बन्धित विषय शिक्षकहरूसँग सम्पर्क गरी परीक्षणका लागि विद्यार्थीहरू उपलब्ध गराएपछि विद्यार्थीहरू माझमा स्वतन्त्र र सहज वातावरणमा परीक्षा सञ्चालन गरियो । परीक्षाबाट प्राप्त अङ्कलाई बढीभन्दा बढी विश्वसनीय र वैध बनाउनका लागि मर्यादाविपरित विद्यार्थीहरूबाट हुन सक्ने सम्भावित अनियमित क्रियाकलापप्रति विशेष सजकता अपनाइ सम्बन्धित विद्यालयका शिक्षकको सहयोग लिँदै उनीहरूले पालना गर्नुपर्ने नियमहरूको बारेमा अवगत गराइयो । साथै परीक्षणबाट प्राप्त अङ्कलाई गोप्य राखिने कुरामा विश्वस्त पारियो । प्रश्नपत्रमै उत्तर लेख्ने व्यवस्था मिलाई तोकिएको समयावधि सकिएपछि उत्तरपुस्तिका सङ्कलन गरियो ।

## तथ्याङ्कको सङ्कलन तथा विश्लेषण

परीक्षणबाट प्राप्त भएका नतिजा वा प्राप्ताङ्क नै यस अध्ययनको मुख्य तथ्याङ्क हो । उपयुक्त परीक्षण पश्चात् उत्तर कुञ्जिका तयारीका साथ उत्तरहरूको कठोर अङ्कन विधिका आधारमा परीक्षण गरियो । हरेक ठिक उत्तरका लागि दुई बेठिक उत्तरका लागि शून्य अङ्क दिइयो । सम्पूर्ण ठिक उत्तरहरूको गणना गरी जम्मा प्राप्ताङ्क अङ्कित गरियो । यसरी प्राप्त अङ्कहरूलाई विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लिङगका आधारमा मान निकाली सही उत्तर दिने विद्यार्थीको सङ्ख्या प्राप्ताङ्कका आधारमा सरल र जटिल क्रम निर्धारण गर्न तालिकाबद्ध गरियो । उक्त अध्ययनका कृममा प्राप्त तथ्याङ्कहरूको व्याख्या विरलेषणका लागि परीक्षणबाट प्राप्त नतिजाको आधारमा मध्यमान, प्रतिशत र मानक वियलय निकालियो भने दुई परीक्षणको (Z) मान

गणना गरियो । यसै आधारमा निस्किएको नतिजालाई तुलनात्मक रूपमा व्याख्या विश्लेषण गर्नुका साथै तालिकाबद्ध गरी देखाइयो ।

यस अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्न रहेका छन् :

(क) प्रतिशताङ्क गणना गर्दा उपयोगमा ल्याइएको सुत्र $P = \frac{R}{T} \times 100$

यहाँ, P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T = विद्यार्थी सङ्ख्या

(ख) मध्यमान निकाल्न प्रयोगमा ल्याइएको सूत्र $\overline{X} = \frac{\sum x}{N}$

यहाँ, $\overline{X}$ = मध्यमान

$\sum$ = सिग्मा (योगफल भन्ने अर्थ लाग्छ)

$\sum x$ = x हरूको मूल योग

N = जम्मा सङ्ख्या

X = तथ्याङ्कलाई जनाउने, प्राप्ताङ्कलाई जनाउने

(ग) मानक विचलन गणना गर्दा प्रयोगमा ल्याइएको सूत्र

$$\sigma = \sqrt{\frac{\sum x^2 - \left((\sum x)^2 / N\right)}{N}}$$

यहाँ, $\sigma$ = मानक विचलन

$\sum$ = सिग्मा (योगफल भन्ने अर्थ लाग्छ)

$\sum x$ = प्राप्ताङ्कको कूल योग

N = परीक्षार्थीको सङ्ख्या

$(\sum x)^2$ = प्राप्ताङ्कको कूल योगको वर्ग

(घ) Z मान गणना गर्दा प्रयोगमा आएको सूत्र

$$Z = \frac{\overline{X_1} - \overline{X_2}}{\sqrt{\frac{S^2{}_1}{N_1} + \frac{S^2{}_2}{N_2}}}$$

यहाँ, $\overline{X_1}$ = पहिलो समूहको मध्यमान

$\overline{X_2}$ = दोस्रो समूहको मध्यमान

$S_1$ = पहिलो समूहको मानक विचलन

$S_2$ = दोस्रो समूहको मानक विचलन

$n_1$ = पहिलो समूहको जम्मा सङ्ख्या

$n_2$ = दोस्रो समूहको जम्मा सङ्ख्या

## अध्याय : चार

## व्याख्या तथा विश्लेषण

प्रस्तुत मध्ययनबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बोधगम्यता क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूर्तिका लागि अध्याय तीनमा वर्णन गरिएका अध्ययन विधिको आधारमा झापा जिल्लाका विभिन्न ठाउँका विद्यालयहरूका जम्मा ६० जना विद्यार्थीहरूबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त तथ्याङ्कलाई प्रतिशतमा गणना, मध्यमान, मानक विचलन र विभिन्न चलहरूको बीच तुलनात्मक व्याख्या गर्न र परीक्षण लगायत साङ्ख्कीय विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ ।

### कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाहरूको सरल र जटिल क्रमको आधारमा विश्लेषण

तालिका नं. १ : कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको कठिनाई स्तरको विवरण

| क.सं. | पाठको क्रमानुसार अनुच्छेद झिकिएका कथाहरू | प्रति अनुच्छेद प्रश्न सङ्ख्या | मानक विचलन | मध्यमान सङ्ख्या | उपलब्धि प्रतिशत | सरल र जटिल क्रम |
|---|---|---|---|---|---|---|
| क. | भाग्य | १० | ३.०६ | १५.७२ | ८३.३३ % | ३ |
| ख. | मित्रता | १० | २.११ | १६.६१ | ९१.६६% | १ |
| ग. | एउटा घटना | ५ | १.७३ | ६.९१ | ७८.३३% | ४ |
| घ. | ठग समातियो | ५ | १.१३ | ७.१६ | ८८.३३% | २ |
| ङ. | सिंह र स्यालको कथा | १० | ३.६२ | १२.४६ | ७३.३३% | ५ |
| च. | स्वाभिमान | १० | ५.४८ | ११.०७ | ६५% | ६ |

सङ्केत : १ = सबैभन्दा सरल

२ = सरल ५ = जटिल

३ = मध्यम ६ = सबैभन्दा जटिल

सहभागी सङ्ख्या = ६०

४ = मध्यम

तालिका नं. १ मा उल्लेख गरिए अनुसार कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाहरूको सरल र जटिल क्रमलाई स्पष्ट पारेको छ । जम्मा छ कथा समावेश भएको उक्त पाठ्यपुस्तकको कथाहरूको सरल र जटिल क्रम तिनीहरूको उपलब्धि प्रतिशतका आधारमा आकलन गरिएको छ । उक्त प्रतिशतलाई हेर्दा क्रमशः ९१:६६, ८८.३३, ८३.३३, ७८.३३% ७३.३३ र ६५% रहेको पाइयो । झापा जिल्लाका सीमित विद्यालयहरूमा गरिएको मूल्याङ्कनका आधारमा यो निष्कर्ष निकालियो ।


यस अनुसार सरलबाट जटिल क्रममा राख्दा क्रमशः कथाहरू मित्रता, ठग समातियो, भाग्य, एउटा घटना, सिहं र स्यालको कथा, स्वाभिमानका क्रमबद्धसरलबाट जटिल रूपमा रहेको पाइयो । तालिकामा सम्पूर्ण पाठको मध्यमान मानक विचलन पनि देखाइएको छ । समग्र कथाहरूलाई हेर्दा सबैभन्दा सरल कथा मित्रता रहेको पाइयो । जसको उपलब्धि प्रतिशत ९१.६६ रहेको छ भने मध्यमान १६.६१ र मानक विचलन २.११ रहेको पाइयो । त्यस्तै दोस्रो सरल कथाका रूपमा ठग समातियो कथा रहेको पाइयो जसको उपलब्धि प्रतिशत ८८.३३ रहेको छ भने मध्यमान ७.१६ रहेको छ । पाँच प्रश्न समावेश भएको यो कथाको दश पूर्णाङ्कका आधारमा उपलब्धि मापन गरेर हेर्दा ठग समातियो कथा पनि सरल पाइयो ।

तीन चार सङ्केतले छुट्याइएका कथाहरू क्रमशः भाग्य र एउटा घटनालाई मध्यम खालका कथा मान्न सकिन्छ । यहाँ तालिकाका अनुसार भाग्य कथाको उपलब्धि ८३.३३% छ भने मध्यमान १५.७२ र मानक विचलन ३.०६ रहेको देखियो । एउटा घटना कथाको उपलब्धि विश्लेषण गर्दा उपलब्धि प्रतिशत ७८.३४० रहेको छ भने यसको मध्यमान ६.९१ रहेको पाइयो । यस कथाको मानक विचलन १.७३ रहेको पाइयो । यस आधारमा यस कथालाई मध्यम मानिन्छ ।

पाठ्यपुस्तकको अन्त्यमा रहेका पाठहरू सिंह र स्यालको कथा तथा स्वाभिमान यस विश्लेषणको क्रममा पनि ५.६ स्थान रहेको देखिन्छ । सिंह र स्यालको कथाको उपलब्धि प्रतिशत ७३.३३ छ भने मानक विचलन ३.७२ रहेको देखिन्छ । यस कथाको मध्यमान १२.७८ रहेको पाइयो । तुलनात्मक रूपमा अन्य कथाका आधारमा यस कथालाई जटिल मानिन्छ । स्वभिमान कथाको विश्लेषण गर्दा यस कथाको मानक विचलन ५.४८ रहेको छ भने मध्यममा ११.६ रहेको पाइयो । यस कथाको उपलब्धि प्रतिशत ६५% रहेको पाइयो । समग्र तालिकालाई हेर्दा यो सबैभन्दा कम उपलब्धि प्रतिशत मानिन्छ । त्यसैले यसका आधारमा यो कथा सबैभन्दा जटिल रहेको पाइयो ।

यसलाई स्तम्भचित्रमा देखाइएको छ :

चित्र नं. १ : कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको कठिनाई स्तरको विवरण




चित्र नं. १ लाई हेर्दा सबैभन्दा सरल कथा मित्रता रहेको देखिन्छ । अन्य कथाको तुलनामा यस कथाको स्तम्भ उच्च रहेको देखिन्छ । यसको उपलब्धि प्रतिशत पनि उच्च रहेको छ । त्यसैले यस कथालाई अन्य कथाको तुलनामा सबैभन्दा सरल कथा मान्न सकिन्छ । त्यस्तै ठग समातियो कथा र मित्रता कथा तुलनात्मक रूपमा तीन प्रतिशतले मात्र अन्तर रहेकाले ठग समातियो कथालाई पनि सरल मान्न सकिन्छ । भाग्य कथा र एउटा घटना कथा अन्य कथाको तुलनामा मध्यम खालको देखिन्छ भने सिंह र स्यालको कथा र स्वाभिमान कथा तुलनात्मक रूपमा जटिल र बढी जटिल रहेको देख्न सकिन्छ ।

**समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण**


तालिका नं. २ : समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण

| कुल सङ्ख्या | समग्र मानक विचलन | समग्र मध्यकमान | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने | | मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | १०.७५ | ७१.४३ | भाषिक पृष्ठभूमि | | | | | |
| | | | भाषा १ | ३० | १२ | ४० | १८ | ६० |
| | | | भाषा २ | ३० | १९ | ६३.३३ | ११ | ३६.६६ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ३० | १५ | ५० | १५ | ५० |
| | | | छात्रा | ३० | १७ | ५६.६६ | १३ | ४३.३३ |

तालिका नं. २ मा प्रस्तुत तालिकामा विद्यार्थी सङ्ख्या ६० र समग्र मध्यमान ७१.४३ लाई आधार बनाई विभिन्न समूहको प्रस्तुत पाठ्यपुस्तकका प्रयुक्त कथाको बोधगम्यताको स्थिति प्रस्तुत गरिएको छ । भाषिक पृष्ठभूमिको दृष्टिले पहिलो भाषा नेपाली हुने र पहिलो भाषा नेपाली नहुने विद्यार्थीहरूको सङ्ख्या क्रमशः ३०/३० समावेश गरिएको थियो । समग्र मध्यमान ७१.७४ लाई आधारबिन्दु बनाएर विश्लेषण गर्दा पहिलो भाषा तर्फ १२ अर्थात् ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा बढी अङ्क ल्याउनेरहेका छन् । त्यस्तै नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरू ३० जनामध्ये १९ जना अर्थात् ६३.३३ प्रतिशत मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने छन् भने ११ अर्थात् ३६.६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा बढी अङ्क ल्याउने छन् । यी तथ्यहरूलाई केलाउँदा निर्दिष्ट कथा पहिलो भाषा नेपाली हुने विद्यार्थीहरूले तुलनात्मक रूपमा दोस्रो भाषा नेपाली हुनेहरूको भन्दा बढी बुझ्न सक्ने देखिएको छ । निर्दिष्ट पाठ्यपुस्तकमा प्रयुक्त कथाको समग्र मध्यमान ठिकै रहे तापनि दुई समूहबीचको तुलनात्मक रूपमा अन्तर रहेको देखिन्छ । पहिलो भाषा नेपाली हुने विद्यार्थीको संख्या तुलनात्मक रूपमा दोस्रो भाषा प्रयोग गर्ने विद्यार्थीको भन्दा बढि रहेकाले निर्दिष्ट कथाहरू नेपाली मातृभाषिका लागि बढि बोधगम्य रहेको र दोस्रो भाषिलाई कम बोधगम्य रहेको कुरा स्पष्ट देखिन्छ ।

लिङ्गगत दृष्टिले पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको बोधगम्यता क्षमता परीक्षणका लागि छात्र तथा छात्रातर्फ ३०।३० विद्यार्थीहरू समावेश गरिएको थियो । समग्र मध्यमान ७१.४३ र समग्र मानक विचलन १०.७५ लाई आधारबिन्दु बनाएर कथाको विश्लेषण गर्दा छात्रतर्फ १५ अर्थात् ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा कम अङ्क ल्याउने छन् भने १५ अर्थात् ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने छन् । यस तथ्यलाई दृष्टिगत गर्दा छात्रतर्फको बोधगम्यता स्थिति सामान्य नै मान्न सकिन्छ । त्यस्तै छात्रातर्फ मध्यमान भन्दा कम अङ्क ल्याउने १७ अर्थात् ५६.६६ प्रतिशत रहेको छ भने मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने १३ अर्थात् ४३.३३ प्रतिशत रहेको पाइयो । यस आँकडालाई केलाउँदा समग्र मध्यमान र मानक विचलनका आधारमा छात्राको भन्दा छात्रको बोधगम्यता क्षमता बढिरहेको स्पष्ट हुन आउँछ । यहाँ छात्र र छात्रामा छात्रको मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने र कम प्राप्ताङ्क ल्याउने ५०।५० प्रतिशत छन् भने छात्रातर्फ यसको स्थिति खस्कदो देखिन्छ । छात्रतर्फ मध्यमान भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी १७ अर्थात् ५६.६६ प्रतिशत रहनुले तुलनात्मक रूपमा कमजोर अवस्था झल्केको देखिन्छ । त्यस्तै मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने छात्रा १३ अर्थात् ४३.३३ रहेकाले छात्रको तुलनामा लगभग ७ प्रतिशतले कमजोर देखियो । त्यस्तै समग्र मानव विचलन १०.७५ रहेको तथ्यलाई हेर्दा प्राप्ताङ्कहरूबीच असन्तुलन रहेको देखिन्छ । यसलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

चित्र नं. २ : समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण




समग्रमा चित्र नं. २ लाई हेर्दा पहिलो भाषीभन्दा दोस्रो भाषी विद्यार्थीहरूलाई निर्दिष्ट कथा तुलनात्मक रूपमा कम बोधगम्य रहेको देखिन्छ । त्यस्तै छात्र र छात्राको तथ्याङ्कलाई हेर्दा छात्रको भन्दा छात्राको तथ्याङ्कमा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या धेरै भएकाले छात्राहरूलाई निर्दिष्ट कथा कम बोधगम्य रहेको कुरा स्पष्ट रूपमा देख्न सकिन्छ ।

## पाठ्यपुस्तकमा प्रयुक्त कथाको बोधगम्यताको तुलनात्मक स्थिति

### भाषिक पृष्ठभूमिको आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना


तालिका नं. ३ : भाषिक पृष्ठभूमिको आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना

| भाषिक पृष्ठभूमि | सङ्ख्या | मध्यमान | | | | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|---|
| पहिलो भाषा | ३० | ७४.८६ | | | | ११.४४ | ७.२९ |
| | | मध्यमान कम अङ्क | प्रतिशत | मध्यमान बढी अङ्क | प्रतिशत | | |
| | | १४ | ४६.६६ | १६ | ५३.३३ | | |
| दोस्रो भाषा | ३० | ६८.३५ | | | | १०.९९ | |
| | | मध्यमान कम अङ्क | प्रतिशत | मध्यमान बढी अङ्क | प्रतिशत | | |
| | | १६ | ५३.३३ | १४ | ४६.६६ | | |

तालिका नं. ३ मा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरू क्रमश: ३०/३० जना रहेका छन् । नेपाली पहिलो भाषा हुने समूहको मध्यमान ७४.८६ र मानक विचलन ११.४४ रहेको छ भने मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउनेको सङ्ख्या १४ अर्थात् ४६.६६ छ र मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १६ अर्थात् ५३.३३ रहेको पाइयो । यस आधारलाई हेर्दा पहिलो भाषा नेपाली हुने विद्यार्थीहरूलाई यस पाठ्यपुस्तकमा प्रयुक्त कथा बढी बोधगम्य रहेको देखियो । दोस्रो भाषा नेपाली हुने समूहको मध्यमान ६८.३५ र मानक विचलन १०.९९ रहेको छ । यस मध्यमानको आधारमा मध्यमानभन्दा कम अङ्क ल्याउन विद्यार्थी १६ अर्थात् ५३.३३ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी १४ अर्थात् ४६.६६ प्रतिशत रहेको देखियो । यस आधारमा पहिलो भाषा र दोस्रो भाषाको स्थितिलाई हेर्दा यी दुई बिच अन्तर पाइयो । त्यस्तै अङ्कहरूबीच विचलित अवस्था पाइयो । पहिलो भाषीले मध्यमानभन्दा कम अङ्क ल्याउने ४६.६६ र दोस्रो भाषाको रूपमा नेपाली प्रयोग गर्ने मध्यमानभन्दा कम अङ्क ल्याउने प्रतिशत ५३.३३ प्रतिशतलाई तुलना गर्दा ६.६६ प्रतिशतले अन्तर रहनुले दोस्रो भाषाको रूपमा नेपाली प्रयोग गर्नेलाई निर्दिष्ट कथा कम बोध गर्ने रहेको देखिन्छ । ०.०५ तहको सार्थकतामा Z मान ७.५९ हुनु र मध्यमानमा अन्तर देखिनुले यी समूह विजातीय रहेको कुरालाई स्पष्ट पार्दछ ।

यी दुवैलाई तुलना गर्दा नेपाली दोस्रो भाषा हुनेहरू भन्दा नेपाली पहिलो भाषा हुनेहरूको बोधगम्यताको स्थिति राम्रो भएको प्रमाणित हुन आउँछ । अतः नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूका लागि उक्त पुस्तकमा प्रयुक्त कथाहरू केही मात्रामा कठिन भएको देखिन्छ । यसर्थ पाठ्यपुस्तकमा कथाहरू समावेश गर्दा भाषिक पृष्ठभूमि पनि ख्याल राख्नुपर्ने कुरा स्पष्ट हुन आउने देखिन्छ । यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

चित्र नं. ३ : भाषिक पृष्ठभूमिको आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना



चित्र नं. ३ लाई हेरेर पहिलो भाषा र दोस्रो भाषाको विश्लेषण गर्दा पहिलो भाषाका विद्यार्थीमा मध्यमानभन्दा कम अङ्क ल्याउनेको सङ्ख्या थोरै देखिन्छ भने मध्यमानभन्दा बढी अङ्क ल्याउनेको सङ्ख्या धेरै देखिन्छ । त्यसैले पहिलो भाषी विद्यार्थीहरूलाई कथा बढी बोधगम्य रहेको देखिन्छ । त्यस्तै दोस्रो भाषी विद्यार्थीहरूमा मध्यमानभन्दा बढी अङ्क ल्याउनेको तुलनामा कम अङ्क ल्याउनेको सङ्ख्या ज्यादा अर्थात् १६ जना रहेकाले यस चित्रलाई हेर्दा तुलनात्मक रूपमा दोस्रो भाषीलाई पहिलो भाषीलाई निर्दिष्ट कथाहरू बढी बोधगम्य रहेको पाइन्छ ।

**लिङ्गगत आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यता क्षमताको तुलना**

तालिका नं. ४ : लिङ्गगत आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यता क्षमताको तुलना

| लिङ्ग | सङ्ख्या | मध्यमान | | | | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|---|
| छात्र | ३० | ७२.२६ | | | | ११.११ | २.७० |
| | | मध्यमान कम अङ्क | प्रतिशत | मध्यमान बढी अङ्क | प्रतिशत | | |
| | | १३ | ४३.३३ | १७ | ५६.६६ | | |
| छात्रा | ३० | ६९.९३ | | | | ११.२५ | |
| | | मध्यमान कम अङ्क | प्रतिशत | मध्यमान बढी अङ्क | प्रतिशत | | |
| | | १६ | ५३.३३ | १४ | ४६.६६ | | |

तालिका नं. ४ मा छात्र र छात्राको मध्यमान, मानव विचलन र Z मान निकालिएको छ । यस आधारमा सर्वप्रथम छात्रहरूको मध्यमान ७२.२६ प्रतिशत रहेको छ भने मानक विचलन ११.४४ रहेको पाइयो । यस आधारलाई हेर्दा छात्रहरूको तुलना गर्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ज्यादा रहेको पाइयो । जुन १७ जना अर्थात् ४६.६६ प्रतिशत रहेको पाइयो भने मध्यमानभन्दा कम अङ्क ल्याउने १३ जना अर्थात् ४३.३३ प्रतिशत रहेको पाइयो । यस आधारलाई केलाउँदा छात्रहरूका लागि निर्दिष्ट कथाहरू बोधगम्य रहेको मान्न सकिन्छ ।


छात्राहरूको मध्यमान ६९.९३ प्रतिशतलाई आधार मानेर मूल्याङ्कन गर्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने ४६.६६ प्रतिशत रहेको पाइयो भने मध्यमानभन्दा कम अङ्क ल्याउने ५३.३३ प्रतिशत रहेको देखिन्छ । यसरी सङ्ख्यात्मक हिसाबले विश्लेषण गर्दा छात्रको तुलनामा छात्रा कमजोर रहेको देख्न सकिन्छ ।

तालिका नं. ४ अनुसार छात्र र छात्राको मध्यमानमा अन्तर देखिन्छ भने मानक विचलन पनि विचलित रहेको पाइन्छ । त्यसैले यस समूहको बोधगम्यता क्षमतालाई हेर्दा निर्दिष्ट पाठ्यपुस्तकमा प्रयोग भएका कथाहरू छात्रलाई बोधगम्य रहेको देखियो भने छात्राहरूका लागि उक्त कथाहरू कम बोधगम्य भएको देखियो । त्यस्तै दुई समूहको Z परीक्षणद्वारा तुलना गर्दा Z मान २.७० रहेको पाइयो । यस आधारलाई हेर्दा दुई समूहबीचको बोधगम्यता क्षमता केही मात्रामा भिन्नता रहेको देखिन्छ ।

समग्रमा तालिका हेर्दा छात्र र छात्राको मध्यमानमा पाइएको अन्तर भनेको २.३३ रहेको छ भने मानक विचलनको अन्तर भने ०.४४ ले विचलित भएको पाइन्छ । त्यसैले यस समूहको बोधगम्यता क्षमतालाई हेर्दा निर्दिष्ट पाठ्यपुस्तकमा प्रयोग भएका कथाहरू छात्रलाई बढी बोधगम्य भएको देखियो भने तुलनात्मक रूपमा छात्राहरूमा उक्त कथा कम बोधगम्य भएको पाइयो ।

यसलाई स्तम्भचित्रमा देखाइएको छ ।

चित्र नं. ४ : लिङ्गगत आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यता क्षमताको तुलना



चित्र नं. ४ लाई हेर्दा स्पष्ट रूपमा निर्दिष्ट कथा छात्रहरूलाई बढी मात्रामा बोधगम्य रहेको देखिन्छ । चित्रमा छात्रको तुलनामा छात्रा केही कमजोर देखिन्छन् । यहाँ मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्र १७ जना रहेका छन् भने छात्रा १४ जना रहेका छन् । जुन तीन अङ्कको अन्तरमा रहेको देखिन्छ । त्यसैले यस चित्रलाई नियाल्दा छात्राको तुलनामा छात्रहरूलाई निर्दिष्ट कथाहरू बढी बोधगम्य रहेको देखिन्छ ।

## अध्याय : पाँच

## सारांश, निष्कर्ष र सुझाव

### सारांश

सुनेका वा पढेका सामग्रीहरूको बुझ्ने क्षमता वा सिप जान्ने वा बुझ्ने कामलाई बोध भनिन्छ। भाषा पाठ्यपुस्तकमा विधाको छनोट गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमतालाई ख्याल गर्नु आवश्यक हुन्छ। त्यसैले २०७२ सालदेखि लागु भएको कक्षा आठको पाठ्यपुस्तकमा भएका छवटा कथाहरूको सीमित स्थानका ६० जना विद्यार्थीहरू माझमा बोधगम्यताका आधारमा कक्षा आठमा प्रयुक्त नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन विश्लेषण गर्दा निर्दिष्ट कथाहरू समग्रमा हेर्दा सरल रहे तापनि समूहगत रूपमा हेर्दा नेपाली मातृभाषीलाई सरल र सहज भए तापनि दोस्रो भाषी विद्यार्थीहरूलाई केही कठिन भएको देखिन्छ। त्यस्तै छात्र र छात्राहरू बीचमा तुलना गर्दा निर्दिष्ट कथाहरू छात्रहरूलाईभन्दा छात्राहरूलाई कम बोधगम्य भएको पाइन्छ। समग्रमा कथाहरूको बोधगम्यता क्षमता सामान्य रहे तापनि कथाको कठिनाइ स्तरलाई नियाल्दा विद्यार्थीहरूको उपलब्धिका आधारमा मित्रता कथा सरल र स्वाभिमान कथा सबैभन्दा जटिल रहेको देखिन्छ। समग्रमा कथाको उपलब्धि प्रतिशत राम्रै रहे तापनि मित्रता कथा र स्वाभिमान कथामा ३० प्रतिशतको अन्तर रहेकाले तुलनात्मक रूपमा स्वाभिमान कथा जटिल देखिन्छ।

### निष्कर्ष

एम.एड. दोस्रो वर्षको पाँचौं पत्र ५९८ को प्रयोजनार्थ बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययनका क्रममा यस झापा जिल्लाका छ विद्यालयहरूमा स्थलगत भ्रमण गरी पाठ्यपुस्तक प्रयोगकर्ता, शिक्षक र विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क गरेर विद्यार्थीहरूको प्रश्नावलीको परीक्षणबाट उनीहरूको बोधगम्यताको तुलनात्मक अध्ययन गरियो।

यस अध्ययनका क्रममा आवश्यकीय तथ्यहरूको अध्ययन गरी पाइएका सकारात्मक तथा नकारात्मक तथ्यहरू यसै शोधपत्रमा समावेश गरिएका छन्।

यस अध्ययनमा पाइएका कुराहरूको निष्कर्ष र त्यसका आधारमा सुझावहरूलाई तल बुँदागत रूपमा उल्लेख गरिएको छ :

१. समग्र मध्यमानलाई आधार मानेर विद्यार्थीहरूको बोधगम्यता क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ४६.६६ प्रतिशत विद्यार्थीहरूको बोधगम्यता क्षमता मध्यमानभन्दा माथि देखियो भने ५३.३३ प्रतिशत विद्यार्थीहरूको बोधगम्यता क्षमता मध्यमानभन्दा तल

देखिएकाले समग्र विद्यार्थीहरूको निर्दिष्ट कथाको बोधगम्यता क्षमता सामान्य मान्न सकिन्छ ।

२. समग्र मध्यमान ७१.४३ लाई आधार मानेर नेपाली मातृभाषी विद्यार्थीहरूको बोधगम्यता क्षमता विश्लेषण गर्दा मध्यमानभन्दा माथि ६० प्रतिशत र मध्यमानभन्दा तल ३० प्रतिशत रहनुले नेपाली मातृभाषी विद्यार्थीको बोधगम्यता क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

३. समग्र मध्यमान ७१.४३ लाई आधार मानेर नेपाली दोस्रो भाषी विद्यार्थीको बोधगम्यता क्षमता गणना गर्दा मध्यमानभन्दा माथि ३६.६६ प्रतिशत र मध्यमानभन्दा तल ६३.३३ प्रतिशत रहनुले यस पाठ्यपुस्तकका कथा मातृभाषिका तुलनामा दोस्रो भाषीका लागि कम बोधगम्य रहेको प्रतीत हुन्छ ।

४. समग्र मध्यमानलाई आधार मानेर छात्रको बोधगम्यता क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल ५० प्रतिशत रहेको देखिन्छ । यस आधारलाई हेर्दा छात्रहरूको बोधगम्यता क्षमतालाई मध्यम मान्न सकिन्छ ।

५. समग्र मध्यमानलाई आधार मानेर छात्राको बोधगम्यता क्षमतालाई केलाउँदा मध्यमान भन्दा माथि ४३.३३ प्रतिशत र मध्यमानभन्दा तल ५६.६६ प्रतिशत रहनुले छात्रका तुलनामा छात्रा ६ प्रतिशतले कमजोर रहेको देखिन्छ । त्यसैले निर्दिष्ट पाठ्यपुस्तकका कथा छात्रका तुलनामा छात्राहरूलाई कम बोधगम्य रहेको देखिन्छ ।

६. निर्दिष्ट कथाहरूको मध्यमान समग्र उपलब्धि र मानक विचलनलाई केलाएर विश्लेषण गर्दा सबैभन्दा सरल कथा मित्रता रहेको छ जसको उपलब्धि प्रतिशत ९१.६६ रहनुले प्रमाणित गर्दछ ।

७. निर्दिष्ट कथाहरूको मध्यमान, समग्र उपलब्धि र मानक विचलनलाई विश्लेषण गर्दा सबैभन्दा जटिल कथाका रूपमा स्वाभिमान रहेको छ । जसको उपलब्धि ६५ प्रतिशत रहेको देखिन्छ । जुन सबैभन्दा सरल कथाको तुलनामा २५ प्रतिशतले बढी जटिल रहेको देखिन्छ ।

८. निर्दिष्ट कथाहरूमध्ये ठग समातियो, भाग्य, एउटा घटना र सिंह र स्यालको कथाको उपलब्धिलाई हेर्दा मध्यम खालका कथाहरू रहेका देखिन्छन् ।

९. भाषिक पृष्ठभूमिलाई मात्र आधार मान्दा पहिलो भाषाको मध्यमान ७४.०६ छ भन्ने मानक विचलन ११.४४ रहेको छ । त्यस्तै दोस्रो भाषाको मध्यमान ६८.३५ र मानक विचलन १०.९९ रहेको देखिन्छ । यस आधारमा मध्यमानमा लगभग ६ प्रतिशतको अन्तर रहनुले पहिलो भाषाको बोधगम्यता क्षमता दोस्रो भाषाको भन्दा बलियो रहेको पुष्टि हुन्छ । त्यस्तै Z को मान ७.५९ हुनुले पनि यस कुरालाई अझ स्पष्ट पार्दछ ।

१०. लिङ्गका आधारमा बोधगम्यता क्षमतालाई हेर्दा छात्र र छात्राको बीचको बोधगम्यता क्षमतामा सामान्य अन्तर रहेको देखियो । जसमा छात्रको मध्यमान ७२.२६ प्रतिशत र छात्राको ६९.९३ प्रतिशत देखिन्छ । त्यस्तै छात्रको मानक विचलन ११.११ र छात्राको मानक विचलन ११.२५ रहेको देखिन्छ । त्यस्तै छात्र र छात्राको बीचमा सामान्य अन्तर हुनुलाई Z को मान २.६० हुनुले पुष्टि गर्दछ ।

## सुझाव

प्रस्तुत बोधगम्यताको आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाहरूको अध्ययन शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ :

१. बोधगम्यताका दृष्टिले प्रस्तुत पाठ्यपुस्तकमा प्रयुक्त कथाको कठिनाइ स्तर विद्यार्थीको बौद्धिक क्षमतालाई ख्याल गरेर सोही अनुकूल बनाउनु पर्दछ ।

२. विद्यार्थीहरूको बोधगम्यता क्षमता अभिवृद्धि गर्नका लागि सबै तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू सोही तहका विद्यार्थीहरूको बौद्धिक स्तर र रुचि क्षेत्रको पहिचान गरी तयार पार्नुपर्ने देखिन्छ ।

३. भाषा पाठ्यपुस्तकमा विधाहरूको छनोट गर्दा विद्यार्थीहरूको लिङ्ग, भाषा, स्थानीयता, उमेर, कक्षा, तह आदि पक्षलाई समेटी विषयवस्तुको छनोट एवम् सङ्कलन गर्नुपर्ने देखिन्छ ।

४. नेपाली भाषा दोस्रो भाषाको रूपमा प्रयोग गर्ने विद्यार्थीहरूको लागि बोध पक्ष कमजोर भएको हुँदा यसलाई ख्याल गर्दै विद्यार्थीको बौद्धिक क्षमता अभिवृद्धि गर्ने विभिन्न क्रियाकलाप समावेश गरेर शिक्षण गर्नुपर्ने देखिन्छ ।

५. निरर्थकभन्दा सार्थक ज्ञान तथा प्रयोगात्मक ज्ञानलाई बढी जोड दिनुपर्छ । जति सक्दो धेरै कक्षामा भाषिक क्षमताको अभिवृद्धि गर्ने खालको क्रियाकलाप समावेश गरिनुपर्ने देखिन्छ ।

६. कक्षा शिक्षकका क्रममा शिक्षक मात्र सक्रिय नभई विद्यार्थीलाई बढीभन्दा बढी सक्रिय बनाउनु पर्दछ । विद्यार्थी केन्द्रित शिक्षण विधिलाई कक्षामा अबलम्बन गर्नुपर्ने देखिन्छ ।

७. पाठ्यक्रम र पाठ्यपुस्तकहरू तयार पार्दा विभिन्न पक्षलाई मध्यनजर गरी तयार पार्नुपर्ने देखिन्छ । विभिन्न आधारहरूलाई ख्याल गरेर सोही अनुसारको विभिन्न स्तर र क्षमता भएका विद्यार्थीको ख्याल गर्दै पाठ्यपुस्तक तयार पार्नुपर्ने देखिन्छ ।

८. पाठ्यक्रम र पाठ्यपुस्तक तयार पार्दा राज्यका विभिन्न क्षेत्र, भाषा, जात, जाति, उमेर, लिङ्ग आदिलाई महत्व दिएर त्यस पक्षलाई ख्याल गर्दै सबैलाई समेटेर साझा धारणा निकाली तयार गर्नु पर्ने देखिन्छ ।

९. नेपाली भाषा विषयप्रतिको हेलचेक्र्याइलाई हटाउनुपर्ने र कडा निगरानीका साथ पठनपाठन प्रक्रियालाई सुधार्नुपर्दछ ।

१०. पाठ्यपुस्तक तयार पार्दा सरल र जटिलक्रमलाई ख्याल गर्दै विधाहरूको समावेश गर्नुपर्ने विधामा समावेश विषयवस्तुमा आवृतिलाई ख्याल गर्नुपर्ने देखिन्छ ।

**अध्ययनका समस्या तथा कमीकमजोरीहरू**

१. प्रस्तुत अध्ययन कक्षा आठको नेपाली किताबमा प्रयुक्त कक्षाको बोधगम्यताको अवस्था पत लगाउन गरिएको हो । साथै सम्पूर्ण कक्षा आठमा अध्ययनरत छात्रछात्रालाई समावेश गराउन सम्भव नहुने भएकाले यस अध्ययन अध्येताले सीमित समय स्रोत र साधनका आधारमा तयार पारिएको छ ।

२. यस अध्ययनमा झापा जिल्लाका केही सीमित विद्यालयलाई मात्र समावेश गरिएको छ । यसै आधारमा सत्य तथ्य मानेर सम्पूर्ण झापा जिल्लाका विद्यार्थीहरूको बोधगम्यताको निष्कर्ष निकालिएको छ ।

३. प्रस्तुत अध्ययन कक्षा आठको कथा विधामा मात्र सीमित रहेको छ । साथै कथा विधाको पनि सम्पूर्ण अनुच्छेद समावेश गर्न असम्भव भएकाले अध्ययनकर्ताले प्रत्येक कथाबाट एक-एक अनुच्छेद मात्र लिएर त्यसैका आधारमा प्रश्न समावेश गरी विद्यार्थीहरूको बोधगम्यता क्षमता पहिल्याउने कोसिस गरिएको छ ।

४. बोधगम्यता क्षमता परीक्षण विभिन्न आधारमा गर्न सकिने भए तापनि यस अध्ययनमा भने सरल र जटिल क्रम, लिङ्ग र भाषिक पृष्ठभूमिलाई मात्र आधार बनाएर तुलनात्मक अध्ययन गरिएको छ ।

५. अध्येताले यस अध्ययनका क्रममा वस्तुगत प्रश्नावली मात्र समावेश गरिएको छ भने परीक्षा सञ्चालनका क्रममा आएका विभिन्न आन्तरिक समस्यालाई न्यूनीकरण गर्न असमर्थ भएको महसुस भएको छ ।

६. यस अध्ययनमा जम्मा छ विद्यालय तथा ६० विद्यार्थीका आधारमा सम्पूर्ण झापा जिल्लाका कक्षा आठका विद्यार्थीको बोधगम्यता क्षमताको निष्कर्ष निकालिएको छ ।

## शैक्षणिक प्रयोजन/उपयोगिता

शोधार्थीले अध्ययनका निम्न लिखित शैक्षणिक उपयोगिता भएको अनुभव गरेको छ :

१. यस अध्ययनबाट भाषा पाठ्यपुस्तक मात्र नभएर अन्य पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको रुचि, क्षमता, तह, स्तर, मनोविज्ञान आदिलाई विचार पुऱ्याइ पाठ्यपुस्तक निर्माण तथा विषयवस्तुको संगठन गर्नुपर्ने कुरा सम्बन्धित निकायलाई जानकारी दिई भावी पाठ्यसामग्री निर्माणमा सहयोग पुऱ्याउने छ ।

२. यस अध्ययनले निम्न माध्यमिक तहको कथा विधाको बोधगम्यता क्षमता अध्ययन गर्न चाहनेका लागि सहयोग पुऱ्याउँछ ।

३. यस अध्ययनले नेपाली विषयप्रतिको हेलचेक्र्याइ गर्ने प्रवृत्तिमा सुधार ल्याउने प्रयास गर्ने छ ।

४. निम्न माध्यमिक तहमा अध्यापन गर्ने भाषा शिक्षकका लागि सहयोगी हुन्छ ।

५. यस अध्ययनले पाठ्यक्रम र पाठ्यपुस्तक निर्मातालाई अधिराज्यका सम्पूर्ण पाठकमा पसी निर्मण गर्न सुझाव दिनेछ ।

६. यस अध्ययनले भाषा पाठ्यपुस्तक निर्माण गर्दा लिङ्गत आधार, भाषिक पृष्ठभूमि, सरल र जटिल क्रमलाई अनिवार्य ख्याल गर्नुपर्ने कुरा अवगत गराउँछ ।

## सन्दर्भ ग्रन्थसूची


अधिकारी, धनमाया (२०६७), *कक्षा आठमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

खनाल, पेशल र अन्य (२०७०), *शैक्षिक मापन तथा मूल्याङ्कन कीर्तिमान,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

घिमिरे, विष्णुहरि (२०५६), *हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यताको अध्ययन,* अप्रकाशित शोधपत्र कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

ढकाल, शान्तिराम र तीर्थराज खतिवडा (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, बुद्धराज (२०६६), *कक्षा तीनका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६८), *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा क्षिक्षण पद्धति,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

न्यौपाने, श्रीराम (२०६४), *नेपाली कथा र उपन्यास,* काठमाडौं : पैरवी प्रकाशन ।

निउरे, ध्रुवप्रसाद र दिनेश घिमिरे (२०७०), *भाषिक अनुसन्धान विधि,* कीर्तिपुर : सनसाइन पब्लिकेशन ।

निरौला, दधिराम (२०६८), *झापाका विभिन्न विद्यालयमा कक्षा आठमा अध्ययनरत मेचे भाषी विद्यार्थीको पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र सुरुङ्गा : नेपाली भाषा शिक्षा विभाग ।

पराजुली, तीर्थराज र अन्य (२०६८), *शैक्षिक मापन तथा मूल्याङ्कन,* कीर्तिपुर काठमाडौं : सनलाइट पब्लिकेशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा छ-आठ),* भक्तपुर : सहयात्रा प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०७२), *नेपाली किताब कक्षा आठ,* भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

प्रधान, बाबुलाल (२०६१), *रत्न नेपाली शब्दकोश,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पुरी, सत्यरूपा (२०६०), *हाम्रो नेपाली किताब कक्षा छको बोधगम्यताको अध्ययन,* अप्रकाशित शोधपत्र कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

पौडेल, नेत्रप्रसाद र अन्य (२०५८), *हाम्रो नेपाली किताब र सरल नेपाली किताब कक्षा आठको बोधगम्यताको अध्ययन,* अप्रकाशित शोधपत्र ताहाचल : नेपाली भाषा शिक्षा विभाग ।

बन्धु, यज्ञमणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *नेपाली गद्य र नाटक,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी, टीकादेवी (२०७२), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र सुरुङ्गा : नेपाली भाषा शिक्षा विभाग ।

भूसाल, माधव (२०६७), कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन, अप्रकाशित शोधपत्र कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

राजवंशी, भूसाल (२०७२), *बोधगम्यताका आधारमा कक्षा नौको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन,* अप्रकाशित शोधपत्र सुरुङ्गा : नेपाली भाषा शिक्षा विभाग ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद (२०६७) *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जिवी र निर्मला (२०६७), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौं : एम.के. पब्लिकेसर्स एण्ड डिस्टिब्युटर्स ।

सापकोटा, हरिप्रसाद (२०६९), *कक्षा आठमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र ताहाचल : नेपाली भाषा शिक्षा विभाग ।

सुवेदी, चन्द्रकुमार (२०७२), *कक्षा आठमा अध्ययनरत राजवंशी विद्यार्थीहरूको नेपाली पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र सुरुङ्गा : नेपाली भाषा शिक्षा विभाग ।

## परिशिष्ट : क

## परीक्षणका निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरू

**विद्यार्थी सम्बन्धी विवरण**

विद्यार्थीको नामः छात्र/छात्राः

विद्यालयको नाम र ठेगानाः उमेरः

विद्यालयको प्रकृतिः

मातृभाषाः

**१. दिइएको अनुच्छेदमा मिल्ने शब्द राखेर खाली ठाउँ भर : १०X२=२०**

पुन्तेले एक दिन हजुरआमासँग सोध्यो 'हजुरआमा हामी किन ----- भएका "भाग्यको खेल" हजुरआमाले आफैंले देखेको जस्तो गरेर ----- दिइन्। "भाग्य भनेको के हो हजुर आमा ?" पुन्टेले सोध्यो। साथीहरूको भकुण्डाको खेलको कुरा त उसलाई थाहा थियो। भाइले पनि त्यस्तै ----- खेल्ने हो कि ? भाग्य भनेको -----हाम्रा निधारमा लेखेको कुरा हो। ----- दिन निधारमा लेखिए जति मात्रै पाउँछ मान्छेले। हजुर आमाको छैटीका ----- धेरै कुरा बताइन्। उसकी बहिनी भर्खरै जन्मेकी थिइन्। ऊ छैटौं दिनको ----- गरिरहेको थियो। दशैं आउने बेलामा पनि ----- यसरी नै बिस्तारै ----- साध्यौ। त्यही समय अहिले पनि साह्रै ----- बनिरहेको थियो।

(छैटीका, लोसे, जवाफ, प्रतिक्षा, पाइलो, गरिब, भकुण्डो, देउताले, समयले, बारेमा)

**२. तलको अनुच्छेद पढेर ठिक उत्तरमा ठीक (✓) चिह्न लगाऊ। १०x२=२०**

पढाइ सकेर राजकुमार दुपद आफ्नो देश पाञ्चाल फर्के। द्रोणको कल्पीसँग विवाह भयो। अश्वत्थामा जन्मे। यी दिनहरू द्रोणका परिवारमा कुख दरिद्रताका दिन थिए। गोठमा एउटा दुहुने गाईसम्म थिएन। बालक अश्वत्थामा 'दूध-दूध' भन्दै रुन्थे। छिमेकी ऋषि कुमारहरू अश्वत्थामालाई देखाइ दूध खान्थे। एकपटक कतिसम्म भयो भने छिमेकी ऋषि कुमारहरूले पानीमा पिठो घोलेर अश्वत्थामालाई दिए। सेतो देखेपछि अशवत्थामाले दूध ठाने। 'यी मैले पनि दूध पाएँ' भन्दै हाँस्दै नाच्दै पानी खान थाले। यो देखेर द्रोण र कृपीलाई साह्रै दुःख लाग्यो। एउटा दुहुने गाई पाउँछु कि भनेर द्रोण धेरैतिर घुमे। कतै पाएनन्। त्यसैताका द्रोणले युद्धर्षि परशुरामले सर्वस्व दान गर्दै छन् भन्ने सुने। द्रोण घरबाट कोसौं टाढाको महेन्द्र पर्वत पुगे। परशुरामले उनी

पुग्नु अघि नै सर्वस्व दान गरिसकेका थिए । द्रोणलाई दुःखी देखेर परशुरामले भने, 'मसँग अब यो शरीर र शास्त्रास्त्र विद्या मात्र बाँकी छ । तपाईंलाई म के दिउँ ? के लिनु हुन्छ" गुरु मलाई तपाईंसँग भएको शास्त्रास्त्र विद्या दिनुहोस् । त्यो नै मेरा लागि ठूलो उपलब्धि हुनेछ' द्रोणले भने ।

क) राजकुमार दुपद पढाइ सकेर कहाँ गए ?

१) पर्वत २) पाञ्चाल ३) हरिनापुर

ख) द्रोणको पारिवारिक अवस्था कस्तो थियो ?

१) सुखदायी २) सामान्य ३) दुखदायी

ग) अश्वत्थामा को थिए ?

१) द्रोणका पुत्र २) परशुरामका पुत्र ३) दुपदका पुत्र

घ) बालक अश्वत्थामा किन रुन्थे ?

१) साथीले जिस्क्याएर २) दूध खान नपाएर ३) खाना खान नपाएर ।

ङ) छिमेकी ऋषि कुमारहरूले अश्वत्थामालाई के खान दिए ?

१) पानीमा पिठो घोलेर २) पानीमा दूध घोलेर ३) पानीमा धुलो घोलेर

च) अश्वत्थामा किन हाँस्दै पानी खान थाले ?

१) दूध जस्तो लागेर २) भोक लागेर ३) खाना जस्तो लागेर

छ) कसले सर्वस्व दान गर्दै थिए ?

१) अश्वत्थामाले २) द्रोणले ३) परशुरामले

ज) द्रोण घर जाँदा कोषौ टाढा कहाँ पुगे ?

१) पाञ्चाल २) महेन्द्र पर्वत ३) हस्तिनापुर

झ) द्रोण धेरैतिर किन घुमे ?

१) दुहुने गाईको खोजीमा २) कामको खोजीमा ३) साथीको खोजीमा

ञ) द्रोणले परशुरामसँग के मागे ? २) सर्वस्त दान ३) शास्त्रास्त्र विद्या

**३. तल दिएको घटना क्रमहरूका अगाडिको कोठामा १,२,३ आदि क्रम संख्या राखी घटनाक्रम मिलाएर कथा तयार पार ।** **१०x२=२०**

( ) भाले सिंहले बाटामा एउटा स्यालको बच्चो देख्यो ऊ खुसी भयो । उसले स्यालको बच्चोलाई जिउँदै घरमा ल्यायो र पोथी सिंहलार्य बुझायो ।

( ) शास्त्रमा पनि विद्वान विदुषी ब्रहमचारी र बालकलाई कहिल्यै मार्नु हुँदैन भनिएको छ । यदि कोही विश्वास गरेर आफूसँग आएको छ भने त्यसलाई मार्नु हुँदैन ।

( ) "तिमीलाई कुनै योजनाको व्यवस्था भएन भने यसैको शिकार गरेर आफ्नो छाक टार" । भाले सिंहले भन्यो ।

( ) धेरै पहिलेको कुरा हो एउटा जङ्गलमा भाले र पोथी सिंहको जोडी बस्थ्यो ।

( ) एक दिनको कुरा हो भाले सिंहले कतै केही भेट भएन । साँझ परिसकेको थियो । भाले सिंह पनि जङ्गलमा थकित भएर घरतिर फर्किंदै थियो ।

( ) पोथी सि.हले दुईओटा बच्चा जन्मायो । बच्चा जन्मेपछि भाले सिंहले पोथीलाई भन्यो तिमी बच्चाकी आमा भयौ आजदेखि तिमी बच्चाको रेखदेख गर्ने छौ । म सिकारको व्यवस्था गर्छु ।

( ) जिउँदो स्यालको बच्चो देखेर पोथी सिंह आश्चर्य चकित भयो । अनि भाले सिंहलाई सोध्यो आज तिमीले मेरो भोजनको कुनै व्यवस्था मिलाई दियौ ?

( ) पोथी सि.हले भन्यो तिमीले यसलाई बच्चो ठानेर मारेनौ म पनि आफ्नो पेट भर्नका लागि यसको हत्या किन गर्छु । शरणको मरण कहिल्यै गर्नु हुँदैन । यो सनातन धर्म पनि हो भनी सबै मिलेर बस्न थाले ।

( ) भाले सिंहले भन्यो हेर प्रिय आज यो स्यालको बच्चो बाहेक अरू कुनै प्राणी फेला परेन यसलाई पनि बालक ठानेर मारिन ।

( ) तिमीहरू एक आपसनमा खुबै मिल्थे । जङ्गलमा विहार गर्थे शिकार खेल्थे । तिनीहरूमा ती दिनहरू निकै रमाइला थिए ।

**४. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर देऊ ।** **५x२=१०**

सुरेश आफ्ना साथीहरूलाई सुनाइरहेको थियो “हिजोको खेलमा विजयले खेलेको खेल साह्रै राम्रो थियो । उसका प्रहार र करामतले गर्दा नै हाम्रो विद्यालयले जित हात पार्न सकेको हो ।” उसको कुरा सुनिरहेको सुमनले सुरेशसँग सोध्यो । हैन सुरेश, विजयले त्यति टाढाबाट हानेर पनि कति राम्ररी गोल गरेको क्या अचम्म । यो उसले कसरी सकेको होला हगी ? “हो, विजयको त कुरै नगरौं ऊ खेल्न आफ्नो तन, मन सबै लगाएर खेल्छ । थाहा छ ? हाम्रो फुटबल टिमको त ऊ गर्व हो गर्व ! कक्षामा पढ्दा पनि त ऊ सधैं तन, मन लगाएर पढ्छ । हामीले पनि विजयले जस्तै तन, मन लगाएर ध्यान केन्द्रित गर्न सक्यौ भने उसले जस्तै खेलर पढाइ दुवैमा प्रगति गर्न सकिहाल्छौ नि । सुरेशको यस कुरामा सबैको सहमति हुन्छ ।

क. खेल र पढाइ दुवैमा प्रगति गर्न के गर्नु पर्छ ?

ख. सुरेशले कुन खेलका बारेमा कुरा गरिरहेको थियो ?

ग. विजयले कसरी जित हात पार्न सफल भयो ?

घ. कसको करामतले विद्यालयले जित हात पाऱ्यो ?

ङ. गर्व शब्दको अर्थ स्पष्ट पार ।

**५. तलको अनुच्छेद राम्ररी पढी ठिक शब्द खोजेर खाली ठाउँमा भरः** **५x२=१०**

“ओहो ! विकास कका पनि ! के भयो ? एक्कासि विराजलाई त्यही देखेर सबै चकित भए । धेरै चोट त लागेन बाबु । आमाले अँगालो हाल्दै सोध्नुभयो । चोट रे ! के भएको छ मलाई ? म त रमेश कहाँबाट सरासर आउँदै छु । भाइलाई भनेकै थिएँ नि अलि अबेर हुन्छ भनेर । बिर्यो कि क्या हो ? उसले । छक्क पर्दै सोध्यो । खबरदार ! भाग्ने होइन । अब तँलाई म ठिक गर्छु । काकाको आवाजले सबैको ध्यान त्यस केटातिर गयो । काकाले उसलाई समात्नु भयो । रमेश पनि आइपुग्यो । विक्रम तिमीले गर्दा आमा ठगिनबाट बच्नु भयो । यस्ता ठगहरूको अलिक बिगबिगी छ ।

क) विराजलाई त्यही देखेर सबै ---- भए ।

ख) म त रमेश कहाँबाट ---- आउँदै छु ।

ग) ---- ! भग्ने होइन । अब तँलाई म ठिक गर्छु ।

घ) सबैको ---- त्यस केटातिर गयो ।

ङ) यस्ता ठगहरूको अहिले ---- छ ।

६. दिएको अनुच्छेदमा मिल्ने शब्द राखेर खाली ठाउँ भरः १०x२०=२०

नेपाल प्रबल हिमाली ---- गर्न चाहन्थ्यो । पृथ्वीनारायण शाहको ---- र राज्य विस्तारको ---- उनका उत्तराधिकारीले निरन्तरता दिएकै थिए । नेपालले तिब्बतको बाटो हुँदै मङ्गोलियाको ---- नेपाल भित्र्याइ व्यापारिक ---- बढाएको थियो । नेपालले अङ्ग्रेज विरोधी देशसँग सम्पर्क ---- पनि गरिरहेको थियो । पराजित रजौटालाई दबाउन नेपालले फ्रान्सबाट ---- ल्याई आफ्ना सेनालाई तालिम दिएको थियो तर नेपालको ---- तयारी र सैनिक सबलताको यस स्थितिको सूचना आफ्ना ---- अङ्ग्रेजले लिइरहेको थियो । उनीहरू नेपाललाई युद्ध बाहेक अन्य तरिकाले आफ्नो पार्न सकिँदैन भन्नेमा ---- भइसकेका थिए । (विश्वस्त, विस्तार, एकीकरण, सुन, तल, विशेषज्ञ, जासुसमार्फत, नीतिलाई, राष्ट्रनिर्माण, युद्ध, समुन्नति)

## परिशिष्ट : ख

## उत्तर कुञ्जिका

प्र.नं. १.

१. गरिब, २. जवाफ, ३. भकुण्डो, ४. देउताले, ५. छैटीका, ६. प्रतिक्षा, ७. समयले, ८. पाइलो, ९. लोसे ।

प्र. नं. २.

(क) २, (ख) ३, (ग) १, (घ) २, (ङ) १, (च) १, (६) ३, (ज) १, (झ) २, (ञ) ३ ।

प्र. नं. ३.

५ ,९, ८, १, ४, ३, ६, १०, ७, २ ।

प्र.नं. ४.

१. खेलका साथै पढाइमा ध्यान केन्द्रित गरेर तनमन लगाएर पढ्दा खेल र पढाई दुवैमा प्रगति गर्न सकिन्छ ।

२. फुटवल खेलका बारेमा कुरा गरिरहेको थियो ।

३. फुटबल खेल्दा उसले गरेका प्रहार र करामतले गर्दा नै विजयले जित हात पार्न सफल भयो ।

४. विजयको करामतले विद्यालयले जित हात पाऱ्यो

५. गर्व शब्दको अर्थ खुसी हो ।

प्र. नं. ५.

(क) चकित

(ख) भर्खरै

(ग) खनरदार

(घ) समात्नु

(ङ) बिगबिगी

प्र. नं. ६.

१. राष्ट्र निर्माण, २. एकीकरण, ३. नीतिलाई, ४. सुन, ५. सम्मुन्नति, ६. विस्तार, ७. विशेषण, ८. युद्ध, ९. जासुस मार्फत, १०. विस्वस्त ।

## परिशिष्ट : ग

## विद्यालय र विद्यार्थीको नाम

### हिमालयन सेकेण्डरी स्कुल, भद्रपुर-१५, झापा

| **छात्र** | **छात्रा** |
|---|---|
| मनिष राजवंशी | रोजिना थापा |
| उज्वल वन | वर्षा ढकाल |
| सुजना थापा | दीक्षा बराल |
| निशान्त विष्ट | निधि यादव |
| मनिष शाह | प्राश्ना गुरुङ |

### पुहातु जनज्योति मा.वि., भद्रपुर-१२, झापा

| **छात्र** | **छात्रा** |
|---|---|
| अरूण राजवंशी | पूर्णिमा पराजुली |
| मौसम राजवंशी | रेजिना मैनाली |
| राहुल बानियाँ | अनिषा पौडेल |
| घनश्याम आचार्य | सुधा राजवंशी |
| विक्रम खड्का | मनिषा चौधरी |

### सरस्वती मा.वि., बाहुनडाँगी-२, झापा

| | |
|---|---|
| अर्पण मोते | रिना वि.क. |
| पर्शुराम न्यौपाने | वर्षा वि.क. |
| प्रतीक धिमाल | रिता कटुवाल |
| हिरालाल निरौला | मनिषा तामाङ |
| सोहन तामाङ | सालु मगर |

**थेसिस इङ्लिस बोर्डिङ स्कुल, बाहुनडाँगी-९, झापा**

| छात्र | छात्रा |
|---|---|
| आसिस धिमाल | वर्षा रसाइली |
| दुर्गा रसाइली | मिनु मेचे |
| सजन शङ्कर | सविना वि.क. |
| वर्देश मेचे | चन्दा मेचे |
| नवीन कुलुङ राई | सुजिता योगी |

**भृकुटी निम्न माध्यमिक विद्यालय, दमक-१, झापा**

| छात्र | छात्रा |
|---|---|
| फडिन्द्र रिजाल | पूर्णिमा माखिन |
| विमल खरेल | सोनिया कुमाल |
| निशान दियाली | मङ्गला वि.क. |
| दिपेश बानियाँ | जयकुमारी थापा |
| अर्जुन सम्बाहाम्फे | रोशना मोते |

**नेपाल जापान फ्रेन्सिस बोर्डिङ स्कुल, दमक-५, झापा**

| छात्र | छात्रा |
|---|---|
| रोजन आङदेम्बे | अनु कुमाल |
| दिपेश धिमाल | शुशीला सुब्बा |
| नितेश पोखरेल | इशा अधिकारी |
| आकाश दास | कृशाला भुजेल |
| दिपेश खड्का | विनिता थापा |

## परिशिष्ट : घ

प्रकृतिको आधारमा विद्यालयको नाम

| सि.नं. | विद्यालयको प्रकृति | विद्यालयको नाम |
|---|---|---|
| १. | सामुदायिक | पुहातु जनज्योति मा.वि., भद्रपुर-१२ |
| २. | सामुदायिक | भृकुटी निम्न मा.वि., दमक |
| ३. | सामुदायिक | सरस्वती मा.वि., बाहुनडाँगी-२ |
| ४. | निजी | हिमालय इ.व.इ., भद्रपुर-१५ |
| ५. | निजी | नेपाल जापान प्रेन्सिप इ., दमक-५ |
| ६. | निजी | थेसिस इङलिस बोर्डिङ स्कुल, बाहुनडाँगी-९ |

## परिशिष्ट : ङ

## परीक्षणका निमित्त प्रयोगमा ल्याइएका लिइएका उत्तरहरू

१५०/४१

**विद्यार्थी सम्बन्धी विवरण**

विद्यार्थीको नामः नितेश पोखरेल छात्र/छात्राः छात्र

विद्यालयको नाम र ठेगानाः नेपाल जापान फ्रेन्डसिप बोर्डिङ स्कूल, दमक - ५, झापा उमेरः १३ वर्ष

विद्यालयको प्रकृतिः निजी

मातृभाषाः नेपाली

**१. दिइएको अनुच्छेदमा मिल्ने शब्द राखेर खाली ठाउँ भर :** १०x२=२०

२०

पुन्टेले एक दिन हजुरआमासँग सोध्यो 'हजुरआमा हामी किन गरिब भएका "भाग्यको खेल" हजुरआमाले आफैंले देखेको जस्तो गरेर जवाफ दिइन् । "भाग्य भनेको के हो हजुर आमा ?" पुन्टेले सोध्यो । साथीहरूको भकुण्डाको खेलको कुरा त उसलाई थाहा थियो । भाइले पनि त्यस्तै - भकुण्डो खेल्ने हो कि ? भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेको कुरा हो । छैटौं दिन निधारमा लेखिए जति मात्रै पाउँछ मान्छेले । हजुर आमाको छैटीका बारेमा धेरै कुरा बताइन् । उसकी बहिनी भर्खरै जन्मेकी थिइन् । ऊ छैटौं दिनको प्रतिक्षा गरिरहेको थियो । दशैं आउने बेलामा पनि - समयले यसरी नै बिस्तारै पाइलो साध्यौ । त्यही समय अहिले पनि साह्रै लोसे बनिरहेको थियो ।

( छैटीका, लोसे, जवाफ, प्रतिक्षा, पाइलो, गरिब, भकुण्डो, देउताले, समयले, बारेमा )

**२. तलको अनुच्छेद पढेर ठीक उत्तरमा ठिक (√) चिह्न लगाऊ ।** १०x२०=२०

पढाइ सकेर राजकुमार द्रुपद आफ्नो देश पाञ्चाल फर्के । द्रोणको कल्पीसँग विवाह भयो । अश्वत्थामा जन्मे । यी दिनहरू द्रोणका परिवारमा कुख दरिद्रताका दिन थिए । गोठमा एउटा दुहुने गाईसम्म थिएन । बालक अश्वत्थामा 'दूध-दूध' भन्दै रुन्थे । छिमेकी ऋषि कुमारहरू अश्वत्थामालाई देखाइ दूध खान्थे । एकपटक कतिसम्म भयो भने छिमेकी ऋषि कुमारहरूले पानीमा पिठो घोलेर अश्वत्थामालाई दिए । सेतो देखेपछि अशवत्थामाले दूध ठाने । 'यी मैले पनि दूध पाएँ' भन्दै हाँस्दै नाच्दै पानी खान थाले । यो देखेर द्रोण र कृपीलाई साह्रै दुःख लाग्यो । एउटा दुहुने गाई पाउँछु कि भनेर द्रोण धेरैतिर घुमे । कतै पाएनन् । त्यसैताका द्रोणले युद्धर्षि परशुरामले सर्वस्व दान गर्दै छन् भन्ने सुने । द्रोण घरबाट कोसौं टाढाको महेन्द्र पर्वत पुगे । परशुरामले उनी पुग्नु अघि नै सर्वस्व दान गरिसकेका थिए । द्रोणलाई दुःखी देखेर परशुरामले भने,

'मसँग अब यो शरीर र शास्त्रास्त्र विद्या मात्र बाँकी छ। तपाईंलाई म के दिउँ ? के लिनु हुन्छ" गुरु मलाई तपाईंसँग भएको शास्त्रास्त्र विद्या दिनुहोस्। त्यो नै मेरा लागि ठूलो उपलब्धि हुनेछ' द्रोणले भने।

क) राजकुमार दुपद पढाइ सकेर कहाँ गए ?

१) पर्वत २) पाञ्चाल ३) हरिनापुर

ख) द्रोणको पारिवारिक अवस्था कस्तो थियो ?

१) सुखदायी २) सामान्य ३) दुखदायी

ग) अश्वत्थामा को थिए ?

१) द्रोणका पुत्र २) परशुरामका पुत्र ३) दुपदका पुत्र

घ) बालक अश्वत्थामा किन रुन्थे ?

१) साथीले जिस्क्याएर २) दूध खान नपाएर ३) खाना खान नपाएर।

ङ) छिमेकी ऋषि कुमारहरूले अश्वत्थामालाई के खान दिए ?

१) पानीमा पिठो घोलेर २) पानीमा दूध घोलेर ३) पानीमा धुलो घोलेर

च) अश्वत्थामा किन हाँस्दै पानी खान थाले ?

१) दूध जस्तो लागेर २) भोक लागेर ३) खाना जस्तो लागेर

छ) कसले सर्वस्व दान गर्दै थिए ?

१) अश्वत्थामाले २) द्रोणले ३) परशुरामले

ज) द्रोण धेरैतिर किन घुमे ?

१) दुहुने गाईको खोजीमा २) कामको खोजीमा ३) साथीको खोजीमा

झ) द्रोण धेरैतिर किन घुमे ?

१) दुहुने गाईको खोजीमा २) कामको खोजीमा ३) साथीको खोजीमा

ञ) द्रोणले परशुरामसँग के मागे ? २) सर्वस्त दान ३) शास्त्रास्त्र विद्या

३. तल दिएको घटना क्रमहरूका अगाडिको कोठामा १,२,३ आदि क्रम संख्या राखी घटनाक्रम मिलाएर कथा तयार पार। १०X२=२०

(५) भाले सिंहले बाटामा एउटा स्यालको बच्चो देख्यो ऊ खुसी भयो। उसले स्यालको बच्चोलाई जिउँदै घरमा ल्यायो र पोथी सिंहलार्य बुझायो।

(९) शास्त्रमा पनि विद्वान विदुषी ब्रहमचारी र बालकलाई कहिल्यै मार्नु हुँदैन भनिएको छ। यदि कोही विश्वास गरेर आफूसँग आएको छ भने त्यसलाई मार्नु हुँदैन।

(८) "तिमीलाई कुनै योजनाको व्यवस्था भएन भने यसेको शिकार गरेर आफ्नो छाक टार"। भाले सिंहले भन्यो।

(१) धेरै पहिलेको कुरा हो एउटा जंगलमा भाले र पोथी सिंहको जोडी बस्थ्यो।

(४) एक दिनको कुरा हो भाले सिंहले कतै केही भेट भएन। साँझ परिसकेको थियो। भाले सिंह पनि जंगलमा थकित भएर घरतिर फर्किंदै थियो।

20

(३) पोथी सि.हले दुईओटा बच्चा जन्मायो। बच्चा जन्मेपछि भाले सि.हले पोथीलाई भन्यो तिमी बच्चाकी आमा भयौ आजदेखि तिमी बच्चाको रेखदेख गर्ने छौ। म सिकारको व्यवस्था गर्छु।

(६) जिउँदो स्यालको बच्चो देखेर पोथी सिंह आश्चर्य चकित भयो। अनि भाले सिंहलाई सोध्यो आज तिमीले मेरो भोजनको कुनै व्यवस्था मिलाई दियौ ?

(१०) पोथी सि.हले भन्यो तिमीले यसलाई बच्चो ठानेर मारेनौ म पनि आफ्नो पेट भर्नका लागि यसको हतया किन गर्छु। शरणको मरण कहिल्यै गर्नु हुँदैन। यो सनातन धर्म पनि हो भनी सबै मिलेर बस्न थाले।

(७) भाले सिंहले भन्यो हेर प्रिय आज यो स्यालको बच्चो बाहेक अरू कुनै प्राणी फेला परेन यसलाई पनि बालक ठानेर मारिन।

(२) तिमीहरू एक आपसनमा खुबै मिल्थे। जंगलमा विहार गर्थे शिकार खेल्थे। तिनीहरूमा ती दिनहरू निकै रमाइला थिए।

४. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर देऊ । ५X२=१०

सुरेश आफ्ना साथीहरूलार्य सुनाइरहेको थियो "हिजोको खेलमा विजयले खेलेको खेल साह्रै राम्रो थियो । उसका प्रहार र करामतले गर्दा नै हाम्रो विद्यालयले जित हात पार्न सकेको हो ।" उसको कुरा सुनिरहेको सुमनले सुरेशसँग सोध्यो । हैन सुरेश, विजयले त्यति टाढाबाट हानेर पनि कति राम्ररी गोल गरेको क्या अचम्म । यो उसले कसरी सकेको होला हगी ? "हो, विजयको त कुरै नगरौं ऊ खेल्न आफ्नो तन, मन सबै लगाएर खेल्छ । थाहा छ ? हाम्रो फुटबल टिमको त ऊ गर्व हो गर्व ! कक्षामा पढ्दा पनि त ऊ सधैं तन, मन लगाएर पढ्छ । हामीले पनि विजयले जस्तै तन, मन लगाएर ध्यान केन्द्रित गर्न सक्यौ भने उसले जस्तै खेलर पढाइ दुवैमा प्रगति गर्न सकिहाल्छौ नि । सुरेशको यस कुरामा सबैको सहमति हुन्छ ।

क. खेल र पढाइ दुवैमा प्रगति गर्न के गर्नु पर्छ ?

→ खेल र पढाई दूवैमा प्रगति गर्न हामीले सँधै तन, मन लगाएर ध्यान केन्द्रित गर्दछौं ।

ख. सुरेशले कुन खेलका बारेमा कुरा गरिरहेको थियो ?

→ सूरेशले फूटबल खेलको बारेमा कूरा गरिरहेको थियो ।

ग. विजयले कसरी जित हात पार्न सफल भयो ?

→ विजयले फूटबल खेल्दा आफ्नो तन, मन सबै खेलमा नै लगाएर जित हात पार्न सफल भयो ।

घ. कसको करामतले विद्यालयले जित हात पाऱ्यो ?

→ विजयको करामतले विद्यालयले जित हात पाऱ्यो ।

ङ. गर्व शब्दको अर्थ स्पष्ट पार ।

→

५. तलको अनुच्छेद राम्ररी पढी ठीक शब्द खोजेर खाली ठाउँमा भरः ५X२=१०

"ओहो ! विकास कका पनि ! के भयो ? एक्कासि विराजलाई त्यही देखेर सबै चकित भए । धेरै चोट त लागेन बाबु । आमाले अँगालो हाल्दै सोध्नुभयो । चोट रे ! के भएको छ मलाई ? म त रमेश कहाँबाट सरासर आउँदै छु । भाइलाई भनेकै थिएँ नि अलि अबेर हुन्छ भनेर । बिर्यो कि क्या हो ? उसले । छक्क पर्दै सोध्यो । खबरदार ! भाग्ने होइन । अब तँलाई म ठीक गर्छु । काकाको आवाजले सबैको ध्यान त्यस केटातिर गयो । काकाले उसलाई समात्नु भयो । रमेश पनि

आइपुग्यो । विक्रम तिमीले गर्दा आमा ठगिनबाट बच्नु भयो । यस्ता ठगहरूको अलिक बिगबिगी छ ।

क) विराजलाई त्यही देखेर सबै ----भए ।

ख) म त रमेश कहाँबाट ----आउँदै छु ।

ग) ---- भन्ने होइन । अब तँलाई म ठीक गर्छु ।

घ) सबैको ---- त्यस केटातिर गयो ।

ङ) यस्ता ठगहरूको अहिले ---- छ ।

**६. दिएको अनुच्छेदमा मिल्ने शब्द राखेर खाली ठाउँ भर:** १०X२०=२०

नेपाल प्रबल हिमाली ---- गर्न चाहन्थ्यो । पृथ्वीनारायण शाहको ---- र राज्य विस्तारको ----उनका उत्तराधिकारीले निरन्तरता दिएकै थिए । नेपालले तिब्बतको बाटो हुँदै मङ्गोलियाको ---- नेपाल भित्र्याइ व्यापारिक ---- बढाएको थियो । नेपालले अङ्ग्रेज विरोधी देशसँग सम्पर्क ----पनि गरिरहेको थियो । पराजित रजौटालाई दबाउन नेपालले फ्रान्सबाट ---- ल्याई आफ्ना सेनालाई तालिम दिएको थियो तर नेपालको ----तयारी र सैनिक सबलताको यस स्थितिको सूचना आफ्ना ---- अङ्ग्रेजले लिइरहेको थियो । उनीहरू नेपाललाई युद्ध बाहेक अन्य तरिकाले आफ्नो पार्न सकिँदैन भन्नेमा ----भइसकेका थिए । (विश्वस्त, विस्तार, एकीकरण, सुन, तल, विशेषज्ञ, जासुसमार्फत, नीतिलाई, राष्ट्रनिर्माण, युद्ध, समुन्नति)

विद्यार्थी सम्बन्धी विवरण

विद्यार्थीको नामः सालु मगार छात्र / छात्राः ✓

विद्यालयको नाम र ठेगानाः सरस्वती मा.वि, बाङ्गाडाँडी-२ उमेरः [illegible]

विद्यालयको प्रकृतिः सामुदायिक

मातृभाषाः मगार

१. दिइएको अनुच्छेदमा मिल्ने शब्द राखेर खाली ठाउँ भर : १०X२=२०

पुन्तेले एक दिन हजुरआमासँग सोध्यो 'हजुरआमा हामी किन गरिब भएका "भाग्यको खेल" हजुरआमाले आफैँले देखेको जस्तो गरेर जवाफ दिइन् । "भाग्य भनेको के हो हजुर आमा ?" पुन्टेले सोध्यो । साथीहरूको भकुण्डाको खेलको कुरा त उसलाई थाहा थियो । भाइले पनि त्यस्तै भकुण्डो खेल्ने हो कि ? भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेको कुरा हो । छैटीका दिन निधारमा लेखिए जति मात्रै पाउँछ मान्छेले । हजुर आमाको छैटीका बारेमा धेरै कुरा बताइन् । उसकी बहिनी भर्खरै जन्मेकी थिइन् । ऊ छैटौं दिनको प्रतिक्षा गरिरहेको थियो । दशैं आउने बेलामा पनि समयले यसरी नै बिस्तारै पाइलो साध्यौ । त्यही समय अहिले पनि साह्रै लोसे बनिरहेको थियो ।

( छैटीका, लोसे, जवाफ, प्रतिक्षा, पाइलो, गरिब, भकुण्डो, देउताले, समयले, बारेमा )

२. तलको अनुच्छेद पढेर ठीक उत्तरमा ठिक (✓) चिह्न लगाऊ । १०X२०=२०

पढाइ सकेर राजकुमार दुपद आफ्नो देश पाञ्चाल फर्के । द्रोणको कल्पीसँग विवाह भयो । अश्वत्थामा जन्मे । यी दिनहरू द्रोणका परिवारमा कुख दरिद्रताका दिन थिए । गोठमा एउटा दुहुने गाईसम्म थिएन । बालक अश्वत्थामा 'दूध-दूध' भन्दै रुन्थे । छिमेकी ऋषि कुमारहरू अश्वत्थामालाई देखाइ दूध खान्थे । एकपटक कतिसम्म भयो भने छिमेकी ऋषि कुमारहरूले पानीमा पिठो घोलेर अश्वत्थामालाई दिए । सेतो देखेपछि अशवत्थामाले दूध ठाने । 'यी मैले पनि दूध पाएँ' भन्दै हाँस्दै नाच्दै पानी खान थाले । यो देखेर द्रोण र कृपीलाई साह्रै दुःख लाग्यो । एउटा दुहुने गाई पाउँछु कि भनेर द्रोण धेरैतिर घुमे । कतै पाएनन् । त्यसैताका द्रोणले युद्धर्षि परशुरामले सर्वस्व दान गर्दै छन् भन्ने सुने । द्रोण घरबाट कोसौं टाढाको महेन्द्र पर्वत पुगे । परशुरामले उनी पुग्नु अघि नै सर्वस्व दान गरिसकेका थिए । द्रोणलाई दुःखी देखेर परशुरामले भने,

'मसँग अब यो शरीर र शास्त्रास्त्र विद्या मात्र बाँकी छ । तपाईलाई म के दिउँ ? के लिनु हुन्छ" गुरु मलाई तपाईंसँग भएको शास्त्रास्त्र विद्या दिनुहोस् । त्यो नै मेरा लागि ठूलो उपलब्धि हुनेछ' द्रोणले भने ।

क) राजकुमार द्रुपद पढाइ सकेर कहाँ गए ?

१) पर्वत २) पाञ्चाल ३) हरिनापुर

ख) द्रोणको पारिवारिक अवस्था कस्तो थियो ?

१) सुखदायी २) सामान्य ३) दुखदायी

ग) अश्वत्थामा को थिए ?

१) द्रोणका पुत्र २) परशुरामका पुत्र ३) द्रुपदका पुत्र

घ) बालक अश्वत्थामा किन रुन्थे ?

१) साथीले जिस्क्याएर २) दूध खान नपाएर ३) खाना खान नपाएर ।

ङ) छिमेकी ऋषि कुमारहरूले अश्वत्थामालाई के खान दिए ?

१) पानीमा पिठो घोलेर २) पानीमा दूध घोलेर ३) पानीमा धुलो घोलेर

च) अश्वत्थामा किन हाँस्दै पानी खान थाले ?

१) दूध जस्तो लागेर २) भोक लागेर ३) खाना जस्तो लागेर

छ) कसले सर्वस्व दान गर्दै थिए ?

१) अश्वत्थामाले २) द्रोणले ३) परशुरामले

ज) द्रोण धेरैतिर किन घुमे ?

१) दुहुने गाईको खोजीमा २) कामको खोजीमा ३) साथीको खोजीमा

झ) द्रोण धेरैतिर किन घुमे ?

१) दुहुने गाईको खोजीमा २) कामको खोजीमा ३) साथीको खोजीमा

ञ) द्रोणले परशुरामसँग के मागे ? २) सर्वस्त दान ३) शास्त्रास्त्र विद्या

३. तल दिएको घटना क्रमहरूका अगाडिको कोठामा १,२,३ आदि क्रम संख्या राखी घटनाक्रम मिलाएर कथा तयार पार ।  १०X२=२०

( ) भाले सिंहले बाटामा एउटा स्यालको बच्चो देख्यो ऊ खुसी भयो । उसले स्यालको बच्चोलाई जिउँदै घरमा ल्यायो र पोथी सिंहलार्य बुझायो ।

( ) शास्त्रमा पनि विद्वान विदुषी ब्रहमचारी र बालकलाई कहिल्यै मार्नु हुँदैन भनिएको छ । यदि कोही विश्वास गरेर आफूसँग आएको छ भने त्यसलाई मार्नु हुँदैन ।

( ) "तिमीलाई कुनै योजनाको व्यवस्था भएन भने यसेको शिकार गरेर आफ्नो छाक टार" । भाले सिंहले भन्यो ।

( ) धेरै पहिलेको कुरा हो एउटा जंगलमा भाले र पोथी सिंहको जोडी बस्थ्यो ।

( ) एक दिनको कुरा हो भाले सिंहले कतै केही भेट भएन । साँझ परिसकेको थियो । भाले सिंह पनि जंगलमा थकित भएर घरतिर फर्किदै थियो ।

( ) पोथी सि.हले दुईओटा बच्चा जन्मायो । बच्चा जन्मेपछि भाले सि.हले पोथीलाई भन्यो तिमी बच्चाकी आमा भयौ आजदेखि तिमी बच्चाको रेखदेख गर्ने छौ । म सिकारको व्यवस्था गर्छु ।

( ) जिउँदो स्यालको बच्चो देखेर पोथी सिंह आश्चर्य चकित भयो । अनि भाले सिंहलाई सोध्यो आज तिमीले मेरो भोजनको कुनै व्यवस्था मिलाई दियौ ?

( ) पोथी सि.हले भन्यो तिमीले यसलाई बच्चो ठानेर मारेनौ म पनि आफ्नो पेट भर्नका लागि यसको हतया किन गर्छु । शरणको मरण कहिल्यै गर्नु हुँदैन । यो सनातन धर्म पनि हो भनी सबै मिलेर बस्न थाले ।

( ) भाले सिंहले भन्यो हेर प्रिय आज यो स्यालको बच्चो बाहेक अरू कुनै प्राणी फेला परेन यसलाई पनि बालक ठानेर मारिन ।

( ) तिमीहरू एक आपसनमा खुबै मिल्थे । जंगलमा विहार गर्थे शिकार खेल्थे । तिनीहरूमा ती दिनहरू निकै रमाइला थिए ।

**४. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर देऊ ।** **५X२=१०**

सुरेश आफ्ना साथीहरूलार्य सुनाइरहेको थियो "हिजोको खेलमा विजयले खेलेको खेल साह्रै राम्रो थियो । उसका प्रहार र करामतले गर्दा नै हाम्रो विद्यालयले जित हात पार्न सकेको हो ।" उसको कुरा सुनिरहेको सुमनले सुरेशसँग सोध्यो । हैन सुरेश, विजयले त्यति टाढाबाट हानेर पनि कति राम्ररी गोल गरेको क्या अचम्म । यो उसले कसरी सकेको होला हगी ? "हो, विजयको त कुरै नगरौं ऊ खेल्न आफ्नो तन, मन सबै लगाएर खेल्छ । थाहा छ ? हाम्रो फुटबल टिमको त ऊ गर्व हो गर्व ! कक्षामा पढ्दा पनि त ऊ सधैं तन, मन लगाएर पढ्छ । हामीले पनि विजयले जस्तै तन, मन लगाएर ध्यान केन्द्रित गर्न सक्यौ भने उसले जस्तै खेलर पढाइ दुवैमा प्रगति गर्न सकिहाल्छौ नि । सुरेशको यस कुरामा सबैको सहमति हुन्छ ।

क. खेल र पढाइ दुवैमा प्रगति गर्न के गर्नु पर्छ ?

ख. सुरेशले कुन खेलका बारेमा कुरा गरिरहेको थियो ?

ग. विजयले कसरि जित हात पार्न सफल भयो ?

घ. कसको करामतले विद्यालयले जित हात पार्‍यो ?

ङ. गर्व शब्दको अर्थ स्पष्ट पार ।

**५. तलको अनुच्छेद राम्ररी पढी ठीक शब्द खोजेर खाली ठाउँमा भरः** **५X२=१०**

"ओहो ! विकास कका पनि ! के भयो ? एक्कासि विराजलाई त्यही देखेर सबै चकित भए । धेरै चोट त लागेन बाबु । आमाले अँगालो हाल्दै सोध्नुभयो । चोट रे ! के भएको छ मलाई ? म त रमेश कहाँबाट सरासर आउँदै छु । भाइलाई भनेकै थिएँ नि अलि अबेर हुन्छ भनेर । बिर्यो कि क्या हो ? उसले । छक्क पर्दै सोध्यो । खबरदार ! भाग्ने होइन । अब तँलाई म ठीक गर्छु । काकाको आवाजले सबैको ध्यान त्यस केटातिर गयो । काकाले उसलाई समात्नु भयो । रमेश पनि

आइपुग्यो । विक्रम तिमीले गर्दा आमा ठगिनबाट बच्नु भयो । यस्ता ठगहरूको अलिक बिगबिगी छ ।

क) विराजलाई त्यही देखेर सबै ---- भए ।

ख) म त रमेश कहाँबाट ---- आउँदै छु ।

ग) ---- ! भन्ने होइन । अब तँलाई म ठीक गर्छु ।

घ) सबैको ---- त्यस केटातिर गयो ।

ङ) यस्ता ठगहरूको अहिले ---- छ ।

**६. दिएको अनुच्छेदमा मिल्ने शब्द राखेर खाली ठाउँ भरः** १०X२०=२०

नेपाल प्रबल हिमाली ---- गर्न चाहन्थ्यो । पृथ्वीनारायण शाहको ---- र राज्य विस्तारको ---- उनका उत्तराधिकारीले निरन्तरता दिएकै थिए । नेपालले तिब्बतको बाटो हुँदै मङ्गोलियाको ---- नेपाल भित्र्याइ व्यापारिक ---- बढाएको थियो । नेपालले अङ्ग्रेज विरोधी देशसँग सम्पर्क ---- पनि गरिरहेको थियो । पराजित रजौटालाई दबाउन नेपालले फ्रान्सबाट ---- ल्याई आफ्ना सेनालाई तालिम दिएको थियो तर नेपालको ---- तयारी र सैनिक सबलताको यस स्थितिको सूचना आफ्ना ---- अङ्ग्रेजले लिइरहेको थियो । उनीहरू नेपाललाई युद्ध बाहेक अन्य तरिकाले आफ्नो पार्न सकिँदैन भन्नेमा ---- भइसकेका थिए । (विश्वस्त, विस्तार, एकीकरण, सुन, तल, विशेषज्ञ, जासुसमार्फत, नीतिलाई, राष्ट्रनिर्माण, युद्ध, समुन्नति)

# व्यक्तिवृत्त



**नाम** : भावना नेपाल

**जन्म** : २०४८।०३।१०

**पिताको नाम** : धर्मराज नेपाल

**माताको नाम** : भीमा नेपाल

**स्थायी ठेगाना** : भद्रपुर-१२, झापा

**सम्पर्क नं** : ९८४४६७४३९८

**नागरिकता** : नेपाली

**धर्म** : हिन्दू

**मातृभाषा** : नेपाली

**वैवाहिक स्थिति** : अवाहित

**पेशा** : कर्मचारी (विद्युत प्राधिकरण)

**शैक्षिक योग्यता** : एम.एड.

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १. | प्रवेशिका | श्री प्रज्ञा एकाडेमी, भद्रपुर | २०६२ | दोस्रो |
| २. | + २ | श्री हिमा लय उ.मा.वि., दमक | २०६४ | दोस्रो |
| ३. | स्नातक | श्री वीरेन्द्र क्याम्पस, भद्रपुर | २०६८ | दोस्रो |
| ४. | स्नातकोत्तर | कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा | २०७२ | |